INTERNATIONAL RIVERS
PEOPLE · WATER · LIFE

# सामुदायिक जल शासन कार्यशाला

## प्रशिक्षक निर्देशिका

मङ्सिर २०७८

समुदायिक जल शासन मपसशुपपथप– प्रशिक्षक निर्देशिका – मङ्सिर २०७८

**इन्टरनेशनल रिभर्सका बारेमा**

इन्टरनेशनल रिभर्सले नदीहरूको संरक्षण तथा नदीमा आश्रित समुदायहरूको अधिकारको प्रतिरक्षा गर्दछ । हामी स्वस्थ नदी तथा स्थानीय नदीमा आश्रित समुदायहरूको अधिकारलाई महत्व दिइने तथा संरक्षण गरिने विश्वको निर्माण गर्ने प्रयास गर्छौं । हामी प्रकृतिको दोहन नहुने वा गरिबी नबढ्ने गरी जल तथा ऊर्जासम्बन्धी आवश्यकता पूरा भएको र आफ्नो जीवनमा प्रभाव पार्ने निर्णयहरूमा सहभागी हुने पाउने अधिकार मानिसहरूसँग भएको विश्वको परिकल्पना गर्दछौं ।

यो प्रतिवेदन  इन्टरनेशनल रिभर्सले मङ्सिर २०७८मा प्रकाशित गरेको हो ।

**लेखक :** सब्रिना के ग्योरभेरी
**डिजाइन तथा साजसज्जा :** एस्पायर डिजाइन ।
**अनुवादः** सुरथ गिरी र निकुञ्ज भण्डारी, नेपाल ल्याङ्गवेज एण्ड रिसर्च सोलुसन्स्, काठमाडौं

३४४ २० औं सडक,
अकलेण्ड क्यालिफोर्निया ९४६१२, संयुक्त राज्य अमेरिका
टेलिफोन : ं १ ५१० ८४८ ११५५
www.internationalrivers.org

अस्वीकरणः यो दस्तावेजमा व्यक्त गरिएका विचार तथा दृष्टिकोण ट्रोसा कार्यक्रमकै हुन् भन्ने छैन ।

# अनुक्रम


| | | |
|---|---|---|
| परिचय | | 3 |
| भाग १ : | परिचय, साझा मूल्य, जलस्रोतको नक्साङ्कन | 5 |
| भाग २ : | हाम्रा नदीहरूको पारिस्थिकी | 9 |
| भाग ३ : | हाम्रा नदीहरू पारिस्थितिकीय प्रणाली, शक्तिका स्रोतहरूमा परिवर्तन | 12 |
| भाग ४ : | जलस्रोत शासनमा लैङ्गिकता र शक्ति | 15 |
| भाग ५ : | सामुदायिक स्रोतको नक्साङ्कन | 19 |
| भाग ६ : | जलसम्बन्धी पूर्वाधार आयोजनाहरूको प्रभाव तथा लाभ | 23 |
| भाग ७ : | जल शासनका सरोकारवाला तथा सरोकारहरू | 28 |
| भाग ८ : | स्थलगत भ्रमणको तयारी : समुदायले नेतृत्व गर्ने अनुसन्धान सीपहरू | 32 |
| भाग ९ : | जलस्रोत शासन स्थलगत भ्रमण | 36 |
| भाग १० : | स्थलगत भ्रमणको तयारी, सीमापार जल शासन | 38 |
| भाग ११ : | जल शासन भूमिका अभिनय, भावी योजना, मूल्याङ्कन | 41 |

# परिचय

**नदीको विषयमा समुदायको ज्ञान तथा बुझाइलाई सुदृढीकरण गर्न तथा जल शासनसम्बन्धी योजना तर्जुमा तथा निर्णय प्रक्रियामा सहभागी हुने र प्रभाव पार्ने दिशामा स्थानीय क्षमतालाई अभिवृद्धि गर्नका लागि यो सामुदायिक जल शासन पाठ्यक्रमको तर्जुमा गरिएको छ।**

यस पाठ्यक्रमले विशेषगरी महिला, माझी तथा परम्परागतरूपमा सीमान्तकृत अन्य समूहहरूको पानीमा समतामूलक पहुँचमा जोड दिँदै अधिकारमा आधारित पद्धतिको अनुसरण गरेको छ। यो कार्यशाला सहभागीहरूले समान भावनासहित जलस्रोतमा सामुदायिक पहुँचमा छलफल गर्न सक्ने गरी खुला र इमानदार वातावरणको निर्माण गर्दै समावेशी विकास प्रक्रियाको अनुकरण गर्नका लागि तर्जुमा गरिएको हो।

यो तालिम पाठ्यक्रम विशेषगरी सुमदायको तहमा प्रयोग गर्नका लागि विकास गरिएको हो, र अधिकतर गतिविधिहरूका लागि न्यून साक्षरता भए पुग्छ। यस तालिमको शैली अन्तर क्रियात्मक रहेको छ, छलफल तथा सिकाइको आधारको रूपमा सहभागीहरूको ज्ञान, सीप तथा अनुभवहरूलाई खोतल्ने लक्ष्य लिएको छ। सोचाइ तथा विश्लेषणका लागि सहजकर्ताले प्रश्न सोध्छन् र कार्यढाँचा उपलब्ध गराउँछन्। यो पद्धतिले स्थानीय आवश्यकता पहिचान गर्न तथा आफ्ना प्रयासहरू केन्द्रित गर्न, र तालिमको विषयवस्तुलाई उनीहरूको विशेष सांस्कृतिक सन्दर्भसँग अनुकूल बनाउन सहजकर्ता तथा सहभागीहरूलाई प्रोत्साहन गर्दछ। प्रक्रियालाई विषयवस्तुमा महत्व दिइएको छ। यो तालिमको विधिले यो कार्यशालाभन्दा पछिसम्म पनि दिगो हुनसक्ने सम्बन्ध तथा प्रक्रिया विकास गर्ने लक्ष्य लिएको छ।

यो पाठ्यक्रममा एघार भागहरू रहेका छन्। केही गतिविधिहरू छुट्टै गरिने सकिने प्रकारका छन्, प्रत्येक भाग अघिल्लो सत्रमा भएका सिकाइहरूमा आधारित भएर अघि बढ्छ, र यस तालिमलाई एक नियमित सत्रको श्रृङ्खलाको रूपमा अघि बढाउँदा सबैभन्दा राम्रो हुन्छ। प्रत्येक भाग प्रत्ये क दिन, बिहानदेखि अपरान्हसम्म गरी आठ घण्टासम्म चल्ने सत्रहरूमा आधारित रहेको छ। तपाईंको कार्यशालाको समयतालिका तलमाथि भएको खण्डमा, कृपया निम्न ढाँचालाई मध्यनजर गर्नुहोस् : गतिविधिहरूका लागि १ घण्टा ३० मिनेट, १५ मिनेट विश्राम, गतिविधिहरूका लागि १ घण्टा १५ मिनेट, र खानाका लागि लागि १ घण्टा ३० मिनेट। यो चक्रलाई एक दिनमा दुई पटकसम्म दोहोऱ्याउन सकिन्छ। अनुसन्धानहरूले शिक्षार्थीहरूले दिनको ५–६ घण्टासम्म ध्यान दिन सक्छन् भन्ने कुरा देखाउछन्। यो पक्ष औपचारिक शिक्षाको अनुभव थोरै भएका मानिसहरूसँग काम गर्दा विशेषरूपमा सम्झनुपर्छ। कार्यशालाको तालिकामा कुनै पनि कुरा थप गर्दा यसले सहभागीहरूको सिक्ने क्षमता तथा समूहको मनोबलमा असर पुग्न सक्छ।


| | |
|---|---|
| भाग १ : | परिचय, साझा मूल्य, जलस्रोतको नक्साङ्कन |
| भाग २ : | हाम्रा नदीहरूको पारिस्थिकी |
| भाग ३ : | हाम्रा नदीहरू पारिस्थितिकीय प्रणाली, शक्तिका स्रोतहरूमा परिवर्तन |
| भाग ४ : | जलस्रोत शासनमा लैङ्गिकता र शक्ति |
| भाग ५ : | सामुदायिक स्रोतको नक्साङ्कन |
| भाग ६ : | जलसम्बन्धी पूर्वाधार आयोजनाहरूको प्रभाव तथा लाभ |
| भाग ७ : | जल शासनका सरोकारवाला तथा सरोकारहरू |
| भाग ८ : | स्थलगत भ्रमणको तयारी : समुदायले नेतृत्व गर्ने अनुसन्धान सीपहरू |
| भाग ९ : | जलस्रोत शासन स्थलगत भ्रमण |
| भाग १० : | स्थलगत भ्रमणको तयारी, सीमापार जल शासन |
| भाग ११ : | जल शासन भूमिका अभिनय, भावी योजना, मूल्याङ्कन |

# सहजकर्ताहरूका लागि सुझाव

- ☑ यो कार्यशाला सहभागीहरूले पहिलो दिन पहिचान गर्ने साझा मूल्य, मान्यतामा आधारित रहन्छ । कार्यशालाको अवधिभरि नै साझा मूल्य, मान्यतालाई कार्याशाला सञ्चालन गर्ने कक्षमा सबैले देख्ने गरी अगाडिपट्टि टाँस्नुहोस्, प्रत्येक दिन एक पटक जाँच गर्नुहोस्, र कुनै समस्या आएमा उक्त मूल्य, मान्यताहरूलाई सम्मान गरिने कुरा सुनिश्चित गर्नुहोस् ।

- ☑ यहाँ उपस्थित सबै जना एक–अर्काबाट सिक्ने आएको हो भन्ने कुरालाई जोड दिँदै सहजकर्ता तथा सहभागीहरूबीच समान शक्तिको सम्बन्धलाई प्रवर्द्धन गर्न हरसम्भव प्रयास गर्नुहोस् । यो अनौपचारिक, बोलीचालीको भाषाको प्रयोग गदै ि, र तपाईंले सहभागीहरूसँग बिताउने समयभरि मित्रवत तथा खुला व्यवहार गरी गर्न सकिन्छ ।

- ☑ सह–सहजकर्ता, भान्साका कर्मचारी, सवारी चालक, सफाइकर्मी, र समुदायका व्यक्तिहरूसहित टोलीका सबै सदस्यहरूलाई सम्मानजनक व्यवहार गर्दै सम्मानजक शक्ति सम्बन्धको उदाहरण बन्नुहोस् ।

- ☑ समूहको गतिशीलतालाई नियमितरूपमा अवलोकन गर्नुहोस्, र समूहको सक्रियताको स्तर तथा रुचिअनुसार समयतालिका तथा गतिविधिहरूलाई समायोजन गर्न तयार रहनुहोस् ।

- ☑ परिणामलाई भन्दा गुणस्तरलाई महत्व दिनुहोस्– समयतालिकाअनुसारका सबै गतिविधिहरू समयमै सक्नुभन्दा बिस्तारै अघि बढ्दै प्रत्येक सहभागीले राम्ररी बुझेको कुरा सुनिश्चित गर्नु अझ फलदायी हुन्छ ।

- ☑ महिला, युवा तथा अन्य सीमान्तकृत समूहले आफ्नो कुरा राख्न प्रोत्साहन गर्ने वातावरण बनाउनुहोस्, र परम्परागतरूपमा नेतृत्वमा रहेकाहरूलाई गहन भएर सुन्ने सीपको अभ्यास गराउनुहोस् ।

- ☑ सहभागीहरूबीचको द्वन्द्व सिकाइको प्रक्रियाको एक अभिन्न पक्ष हो । यसप्रति सचेत रहनुहोस्, र यसलाई द्वन्द्व रूपान्तरण सीपको उदाहरण दिनका लागि अवसरको रूपमा लिनुहोस् ।

- ☑ सम्भव भएसम्म, कार्यशाला कुनै नदीको नजिकै आयोजना गर्नु राम्रो हुन्छ । यसबाट सहभागीहरूले नदीको पारिस्थितिकीय प्रणालीसँग अन्तर्क्रिया गर्न तथा स्थानीय समुदाय र तिनीहरूको जलस्रोतबीचको सम्बन्धका बारेमा सिक्न सक्छन् ।

भाग १

# परिचय, साझा मूल्य, जलस्रोतको नक्साङ्कन

उद्देश्य:

- एक–अर्कालाई चिन्ने, बुझ्ने र आत्मबल तथा आत्मविश्वास बढाउने,
- कार्यशालाका लक्ष्यहरूउपर छलफल गर्ने,
- साझा मूल्य, मान्यता तथा समूह कार्यका लागि आधारभूत नियमहरू निर्माण गर्ने,
- राम्रो सञ्चार सीपहरूको अभ्यास गर्ने,
- समुदायको साझा जलस्रोतका बारेमा समग्र चित्र प्रस्तुत गर्ने ।

सामग्रीहरू:

- बोर्ड
- मार्कर
- रङ्गिन कलम तथा पेन्सिलहरू
- चित्र कोर्ने कागज (ड्इङ्ग पेपर)
- टाँस्ने कागज (पोष्टर पेपर) ।

**९:००–९:१५** सहजकर्ताहरूको परिचय– तपाईं यहाँसम्म कसरी आइपुग्नुभयो भन्ने कुरा बताउनुहोस्

**९:१५–९:२०** प्रयोगात्मक, सहभागी केन्द्रित सिकाइ शैलीको अर्थ व्याख्या गर्नुहोस् । सहभागीहरूले एकआपसबाट सिक्न सकून् र उनीहरूलाई पहिले नै थाहा भइरहेको विषय तथा उनीहरूले गरिरहेको कामलाई थप विकास गर्न सकियोस् भन्नका लागि हामी सहभागीहरूको अनुभवलाई यथाशक्य धेरै प्रयोग गर्न चाहान्छौं । हाम्रो साझा लक्ष्यका लागि मिलेर काम गर्न व्यावहारिक तरिकाहरूको विकास गर्न तालिममार्फत हामी स–साना समूहमा बसेर धेरै नै काम गर्नेछौं ।

**९:२०–९:४५** प्रत्येक सहभागीलाई आफ्नो नाम ठूलो कार्डमा लेख्न आग्रह गर्नुहोस् । प्रत्येक सहभागीले आफ्नो नाम, ठेगाना, आफ्नो नाम कसले राखिदियो सो व्यक्तिको नाम र आफ्नो नामको अर्थ भन्नुपर्ने हुन्छ । (टिपोट : यो गतिविधिले सहभागीहरूको सांस्कृतिक पहिचान तथा व्यक्तिगत इतिहासप्रति सहभागीहरूमा सम्मान जगाउँदै कार्यशाला शुरु गर्दछ ।)

**९:४५–१०:१५** चित्र खेल : सहभागीहरूलाई एक–अर्काको बारेमा सबैभन्दा जान्न मन लागेको कुरा के हो भनी सोध्नुहोस् । सहभागीहरूले ठट्यौली र गम्भीर दुवै प्रकारका प्रश्नहरू गर्न सक्छन् । सहभागीहरूलाई जोडी जोडीमा विभाजित हुन र एक–अर्काको अन्तर्वार्ता लिन आग्रह गर्नुहोस् । त्यसपछि उनीहरूलाई रङ्गिन कलमहरू दिँदै कागजमा नहेरी, र आफ्नो साथीको अनुहारमा मात्रै हेरेर चित्र बनाउनका लागि आग्रह गर्नुहोस् । त्यसपछि, प्रत्येक सहभागीलाई उनीहरूले थाहा पाएको कुराको आधार आफ्नो साथीको सबैमाझ परिचय गराउन तथा आफूले बनाएको चित्र भित्तामा टाँस्न आग्रह गर्नुहोस् । (टिपोट: चित्रहरू हाँसोउठ्दो देखिन सक्छन्– यसले सहभागीहरूबीचको भावनात्मक दूरी घटाउन तथा सहज वातावरण निर्माण गर्न सहयोग पुऱ्याउँछ ।)

१०:१५–१०:३० कार्यशालाका लक्ष्यहरूको परिचय दिनुहोस् :

- साझा जलस्रोतको महत्वका बारेमा सिक्ने
- जलस्रोतमा समुदायको पहुँचका बारेमा छलफल गर्नका लागि खुला वातावरण सिर्जना गर्ने
- जलस्रोतमा न्यायोचित पहुँच प्राप्त गर्नका लागि समुदायले सामना गरिरहेका कुनै चुनौती भए सोको पहिचान गर्ने
- स्थानीय, राष्ट्रिय तथा क्षेत्रीय जल शासनका संरचनाहरूका बारेमा सिक्ने
- स्वतन्त्र, पूर्व तथा सुसूचित सहमतिका सिद्धान्तहरूका बारेमा सिक्ने
- जलस्रोत शासनका मुख्य सरोकारवाला तथा निर्णयकर्ताहरू पहिचान गर्ने
- जलस्रोत शासनमा अझ बृहत् सहभागिताका लागि पैरवीको अभ्यास गर्ने
- दिगो पैरवीका लागि योजना तर्जुमा गर्ने ।

१०:३०–१०:४५ विश्राम

१०:४५–१०:५० ऊर्जा जगाउने खेल (इनरजाइजर)

सहभागीहरूलाई ठूलो वृत्त हुने गरी उभिन आग्रह गर्ने । निम्नानुसारका कुराहरू बताउँदै सबै सहभागीहरूलाई बताइएको कुरा आफ्नो लागि सत्य भएमा वृत्तको बीचमा आएर एक–अर्कालाई चस (हाइफाइभ) गर्न आग्रह गर्ने :

- आजभन्दा अघि तपाईं कहिल्यै कुनै कार्यशालामा जानुभएको छैन ।
- तपाईंले आजभन्दा अघि कहिल्यै समुदायको जल शासनका बारेमा कुरा गर्नुभएको छैन ।
- यो कार्यशालामा आउने विषयमा तपाईं अलि आत्तिएको (नर्भस) हुनुहुन्थ्यो ।
- तपाईं समुदाय जल शासनका बारेमा अझै धेरै सिक्न चाहनुहुन्छ ।
- तपाईंलाई सिक्न मनपर्छ ।

१०:५०–१२:०० साझा मूल्य तथा आधारभूत नियम

जलस्रोतको सुशासनका लागि साझा मूल्य भएका व्यक्तिहरूले सकारात्मक परिवर्तनका लागि सँगै मिलेर पैरवी गर्नुपर्छ भन्ने कुरामा छलफल गर्नुहोस् । स्रोतको शासनका लागि साझा परि कल्पना तथा साझा लक्ष्यका लागि सँगै काम गर्ने विभिन्न समूहहरूको सहभागिता, विभिन्न रणनीतिको प्रयोग तथा गतिविधिहरूको आवश्यकता पर्दछ ।

समूहका लागि कस्ता मूल्यहरूले महत्व राख्छन् भनेर छलफल गर्नुहोस्, सहभागीहरूलाई मुख्य शब्दहरू ठूलो स्वरमा बोल्दै प्रस्ताव गर्न आग्रह गर्नुहोस् । सहजकर्ताले यी शब्दहरूलाई बोर्डमा लेख्नुपर्छ । यी साझा मूल्यमा सहभागीहरू सहमत छन् भन्ने कुरा पुष्टि गर्नका लागि सहभागीहरूलाई सोध्नुहोस् ।

आधारभूत नियमहरू तय गर्नुहोस् : हाम्रा साझा मूल्यहरू तय गरिएको सन्दर्भमा, हाम्रा मूल्यहरूको सम्मानका लागि कार्यशालामा अनुसरण गरिनुपर्ने केही आधारभूत नियमहरू हामीलाई आवश्यक पर्छ, पर्दैन भनेर सहभागीहरूलाई सोध्नुहोस् । सहभागीहरूलाई नियमहरू प्रस्ताव गर्न आग्रह गर्नुहोस्, तिनलाई पोष्टर बोर्डमा लेख्नुहोस् र कार्यशालाको दौरान सबै ले देख्ने गरी कतै टाँस्नुहोस्/झुन्ड्याउनुहोस् । यी नियमहरूको पालना नहुँदा के गर्ने र यस विषयलाई सम्बोधन गर्ने अधिकार कोसँग हुन्छ भनेर सहभागीहरूलाई सोध्नुहोस् । (टिपोटः समयले दिएसम्म, आधारभूत नियमका बारेमा छलफल गर्नका लागि तपाईंले सहभागीहरूलाई स–साना समूहमा विभाजन गर्न र तत्पश्चात् सबैका अगाडि प्रस्तुति दिनका लागि आग्रह गर्न सक्नुहुनेछ । यसको मुख्य कुरा भनेको आधारभूत नियमहरू परम्परागत माथिदेखि तलसम्म बहने पद्धति (Top-down Approach) भन्दा पनि लोकतान्त्रिक शैलीमा स्थापित होस् भन्ने हो ।

१२:००–१:३०

दिउँसोको खाना

१:३०–२:००

सञ्चार सीप

- बिहानको आधारभूत नियमहरूलाई सम्भदै, राम्रो सञ्चार सीपहरू निष्पक्ष र सम्मानजनक समूह प्रक्रियाका लागि अपरिहार्य हुने कुरामा जोड दिनुहोस् । सञ्चार एक सीप हो– जो कोहीले पनि राम्रो सञ्चारक हुनका लागि सिक्न सक्छ ।
- राम्रा सञ्चारका सीपहरूका बारेमा छलफल गर्नुहोस् (सहभागीहरूलाई कुराकानी गर्न एकदमै सहज, र एकदमै खुला व्यक्तिको बारेमा सोच्नका लागि आग्रह गर्नुहोस्– उनीहरूले कुराकानी गर्दा के कुराले उनीहरूलाई सहज बनाउँछ?)
- विभिन्न संस्कृतिमा सञ्चारका विषयमा छलफल गर्नुहोस् र तपाईंको संस्कृतिमा कस्तो व्यवहारलाई राम्रो र कमजोर सञ्चार भनेर चिनिन्छ ? (जस्तैः आँखा मिलाएर कुरा गर्ने, छुने, व्यक्तिगत दूरी कायम राख्ने, बीचमा नरोक्ने, आदि) ।

राम्रो र कमजोर सुनाइ सीप

- सहभागीहरूलाई समूहगत रूपमा, राम्रो र कमजोर सुनाइ सीपहरूको एउटा सूची बनाउन छलफल गराउनुहोस् ।
- दुई जना स्वयंसेवी सहभागीहरूलाई कमजोर सुनाइ सीप प्रदर्शन गर्न आग्रह गर्नुहोस् । पहिलो सहभागीलाई गत हप्ता के गर्नुभयो जस्तो बोल्ने सहज हुने शीर्षक दिनुहोस्, र अर्को सहभागीलाई सकेसम्म कमजोर सुन्ने मानिसको रूपमा प्रदर्शन हुनका लागि आग्रह गर्नुहोस् (यसले प्रायः धेरै नै हँस्सीमजाक निम्त्याउने छ) । त्यसपछि, सहभागीहरूलाई भूमिका परिवर्तन गर्न आग्रह गर्नुहोस् वा दुई नयाँ स्वयंसेवी सहभागीहरूलाई राम्रो सुनाइ सीपको प्रदर्शन गर्न आग्रह गर्नुहोस् ।
- राम्रो सुनाइ सीपको अभ्यास : सहभागीहरूलाई जोडीमा विभाजन हुन र निम्न प्रश्नको उत्तर दिन आग्रह गर्नुहोस् : तपाईंको समुदायमा तपाईंलाई सबैभन्दा मनपर्ने कुरा के हो ? जोडीमध्येका एक जनाले उत्तर दिँदै गर्दा, अर्को सहभागीले पूर्णरूपमा ध्यान दिएर, बीचमा नरोकी वा वक्ताले पूरा नबोल्दासम्म कुनै पनि कुरा नथप्ने । प्रत्येक सहभागीलाई बोल्नका लागि ५ मिनेट उपलब्ध गराउनुहोस् ।
- समीक्षा तथा सारांश : आफ्नो कुरा सुनिदा कस्तो महसुस हुन्छ, यो अभ्यासबाट तपाईंले के सिक्नुभयो भनेर बताउन लगाउनुहोस् ।

(टिपोटः समूहलाई राम्रो सञ्चार स्थापित गराउन गाह्रो भइरहेको छ भनेर सहजकर्तालाई लागेमा, तल दिइएको सन्दर्भ सामग्रीमा रहेका थप गतिविधिहरू हेर्नुहोस् । यी गतिविधिहरूलाई समूहमा कुनै द्वन्द्व वा शक्तिको असन्तुलन आएमा साझा मूल्य र आधारभूत नियमहरूलाई पुनःस्थापित गराउनका लागि कुनै पनि समयमा प्रयोग गर्न सकिन्छ ।)

२:००–४:००

जलस्रोतको नक्साङ्कन

- पोष्टर पेपरका विभिन्न ठूला टुक्राहरूलाई एकआपसमा टाँसेर भुईंमा राख्नुहोस् । सबैलाई वरिपरि भेला हुन आग्रह गर्नुहोस् । रङ्गिन कलमहरू व रङ्गिन मार्करहरू बाँड्नुहोस् ।
- हामी समुदायको जलस्रोतका बारेमा कुराकानी गर्न जाँदैछौं भनेर बताउनुहोस् । एक जना स्वयंसेवी सहभागीलाई समुदायको रूपरेखा कोर्न तथा त्यसमा स्थानीय जलस्रोतहरू जस्तैः नदी, ताल, पोखरी, आदि कोर्नका लागि आग्रह गर्नुहोस् ।
- अब, सबै सहभागीहरूलाई यी स्रोतहरू समुदायका लागि कति महत्वपूर्ण छन् भनेर सोच्नका लागि आमन्त्रण गर्नुहोस् र नक्सामा निम्न कुराहरू थप्दै प्रदर्शन गर्नुहोस् : माछा मार्ने स्थान, नदीजन्य यातायात मार्ग, पानीमा हुन खान मिल्ने वनस्पति, नदी किनारका बगैंचा, सिंचाईका लागि नहरहरू, धार्मिक क्षेत्रहरू, शवदहन (शव जलाउने) स्थानहरू, सम्भावित खतरायुक्त स्थानहरू (बाढी आउनसक्ने स्थान, पानी तीव्र गतिमा र भुमरी भएर बग्ने स्थानहरू), माछा संरक्षणका क्षेत्रहरू, वस्तुभाउका लागि चरन क्षेत्रहरू, बालबालिका पौडी खेल्ने र खेल्ने स्थानहरू, मौसमी टापु र बलुवा भएका किनारहरू, आदि । सहभागीले नक्सा कोर्दै गर्दा, उनीहरूले आफ्नो दिनचर्यामा जलस्रोतको उपयोग कसरी गर्छन् भनेर सोध्नुहोस् ।

- टिपोट : यदि तपाईंले कुनै एउटा समूह, जस्तै पुरुष वा ज्येष्ठ नागरिकहरू, हाबी भएको देख्नुभयो भने, नक्सामा उनीहरूको योगदानलाई पूरा गर्न समय दिनुहोस्, र महिला वा युवाहरूले पनि योगदान दिन सकून भन्नका लागि नम्र भएर उनीहरूलाई पछाडि सरिदिन आग्रह गर्नुहोस् । यदि तपाईंको समूह ठूलो छ भने, तपाईंले महिला, पुरुष, र युवाको छुट्टै समूह बनाउन र पछि प्रस्तुति दिनका लागि आग्रह गर्न सक्नु हुनेछ ।
- जब नक्सा बनाउने काम लगभग पूरा हुन्छ, नक्सालाई भित्तामा टाँस्नुहोस् । त्यसपछि निम्न समूहका प्रतिनिधिहरूलाई आफूलाई नदीको नक्समा भएको कुरामध्ये सबैभन्दा महत्वपूर्ण लाग्ने विषय अङ्कित गर्न आग्रह गर्नुहोस् : महिला, पुरुष, युवा, माझी, कृषक, गृहणी, व्यापारी, डुङ्गा चालक, आदि ।
- महिला, पुरुष, कृषक, माझी आदिले स्थानीय जलस्रोतलाई हेर्ने र प्रयोग गर्ने विभिन्न तरिकाहरूमा जोड दिँदै यो गतिविधिको सारांश प्रस्तुत गर्नुहोस् ।
- हामी यो कार्यशालाभरिका लागि यो नक्सालाई सन्दर्भ सामग्रीको रूपमा राख्नेछौँ र नक्सामा कुनै कुरा छुटेको भएमा हामीले त्यसलाई निरन्तर रूपमा पछि पनि थप्न सक्नेछौँ भन्ने कुरा सहभागीहरूलाई बताउनुहोस् ।

४:००–४:१५

समापनः सिकिएका कुराहरूको सारांश प्रस्तुत गर्नुहोस् र सहभागीहरूलाई पहिलो दिनको समाप्तीमा आफूलाई लागेका कुरा भन्नका लागि आमन्त्रण गर्नुहोस् ।

४:००–४:१५

एक वा एकभन्दा बढी सहभागीहरूलाई आफ्नो समुदायप्रतिको भावना व्यक्त गर्ने गीत गाउनका लागि आग्रह गर्नुहोस् ।

भाग २

# हाम्रो नदीहरूको पारिस्थिकी

उद्देश्यः

- नदीमा निर्भर रहने सबै प्रकारका जीवन तथा तिनीहरू मानव गतिविधिबाट कसरी प्रभावित हुन्छन् भन्ने विषयमा आत्मानुभूति जगाउने,
- स्थानीय नदीको पारिस्थितिकीय प्रणालीको हिस्साको रूपमा रहेका वनस्पति, जीवजन्तु तथा किरा र जलीय जीवनका बारेमा सिक्ने,
- नदीको बहाव तथा पानीको गुणस्तरमा हुने परिवर्तनले विभिन्न प्रजातिहरूमा पार्ने प्रभावका बारेमा सिक्ने ।
- स्थानीय पानीको नमूना लिने र प्रदूषणको प्रकार तथा सम्भावित स्रोतको पहिचान गर्ने ।

सामग्रीहरूः

- बोर्ड
- टाँस्ने कागज (पोष्टर पेपर)
- भाँडा
- मोबाइल फोन वा क्यामेरा
- काँचका सफा भाँडा
- पानीको नमूना लिने साधन (किट) ।

**९:००–९:१५**

खेलः सहभागीहरूको वृत्त बनाउनुहोस् । प्रत्येक व्यक्तिले आफ्नो परिचय दिनेछन् र आफ्नो दिनचर्याको एउटा कार्य गरेर देखाउनेछन् । त्यसपछि, अरुले पनि सोही कार्यको नक्कल गर्नेछन् । सहभागीहरूलाई उनीहरूको जीविकोपार्जन जस्तै, माछा मार्ने, खेती गर्ने, खाना बनाउने, सामान बेच्ने, आदि बुझ्नका लागि सहयोग पुग्ने कार्य गर्न आग्रह गर्नुहोस् ।

**९:१५–९:३०**

हिजो बनाइएको स्रोतको नक्सामा कसैले थप योगदान दियो भनेर सहभागीहरूलाई सोध्नुहोस् । यदि कसैले योगदान गरेको खण्डमा, नक्सामा गएर प्रस्तुत गर्न आग्रह गर्नुहोस् ।

**९:३०–११:३०**

नदीमा हिँड्ने गतिविधि

- हिजो हामीले मानिसहरूले समुदायको जलस्रोतलाई विभिन्न तरिकाले प्रयोग गर्ने कुरामा छलफल गरेका थियौं । आज हामी अन्य प्रजातिका बारेमा कुराकानी गर्छौं । स्वस्थ जलमार्गमा अन्य कस्ता जीवजन्तुहरू निर्भर रहन्छन् भनेर सहभागीहरूलाई सोध्नुहोस् ।
- सहभागीहरूलाई तीनवटा समूहमा विभाजित हुन आग्रह गर्नुहोस् । प्रत्येक समूहले यीमध्ये एउटा समूह छान्नुपर्ने हुन्छ : वनस्पति, जीवजन्तु तथा किरा, र जलीय जीवन ।
- वनस्पति छान्ने समूहलाई भाँडा दिनुहोस् र नदी किनारमा भएका वनस्पतिहरू : जङ्गली तथा मानिसले लगाएका फलफूल तथा तरकारी, जडीबुटी, दैनिक जीवनमा प्रयोग हुने पात र घाँस सङ्कलन गर्न आग्रह गर्नुहोस् ।
- जीवजन्तु र किरा छान्ने समूहसँग मोबाइल फोन वा क्यामरा भएको सुनिश्चित गर्नुहोस्, र उक्त समूहलाई नदी किनार र नदीको पानीमा उनीहरूले देख्ने विभिन्न जनावर, चराचुरुङ्गी र

किराको फोटो खिच्न आग्रह गर्नुहोस् । यो गतिविधिबाट कसैलाई चोटपटक लाग्नु हुँदैन भन्ने कुरामा सतर्क रहनुहोस् ।

- जलीय जीवन छान्ने समूहलाई जाली (fine-mesh net) उपलब्ध गराउनुहोस् र उनीहरूलाई नदीको विभिन्न स्थानका गहिराइ तथा विभिन्न स्थानमा जाली थाप्नका लागि आग्रह गर्नुहोस् । जालीमा केही भरिएपछि उक्त जालीमा भएका सामग्रीलाई बलुवा भएको किनारमा वा ठूलो पातमा खनाउदै जालीसँगै आएको कुनै माछा, झिङ्गे माछा, सेलफिस वा किरालाई बिनाकुनै क्षति पुऱ्याइ छोड्नुअघि फोटो खिच्नुहोस् र जलीय वनस्पतिका नमूना पनि ल्याइ माथिको प्रक्रिया दोहोऱ्याउनुहोस् ।
- तीनै समूहलाई नदीमा लानुहोस् र समूहले गरेका सङ्कलनलाई अवलोकन गर्नुहोस् । सकिएपछि, सहभागीलाई तीनवटा सफा काँचका भाँडाहरू दिनुहोस् र नदीका विभिन्न स्थानका गहिराइ र विभिन्न बिन्दुमा रहेका पानीको नमूना सङ्कलन गर्नुहोस् ।
- कक्षामा फर्किनुहोस् र सहभागीको प्रत्येक समूहलाई आफूले सङ्कलन गरेका कुराहरू ठूलो टेबुलमा फिजाउनका लागि आग्रह गर्नुहोस् । जीवित जीवजन्तुको फोटो खिचेँका सहभागीहरूको हकमा, दिउँसोको खानाको समयमा सहजकर्ताले सबै फोटो सङ्कलन गर्ने र सामान्य पावरपोइन्टमा राख्ने ।

११:३०–१२:०० सहभागीलाई सफा गर्न तथा आफूले खिचेँका फोटोहरू सहजकर्तालाई दिनका लागि समय दिनुहोस् ।

१२:००–१:३० दिउँसोको खाना

१:३०–३:१५ पारिस्थितिकीय प्रणालीसम्बन्धी समूह प्रस्तुति

- प्रत्येक समूहलाई निम्नानुसारका प्रश्नमा प्रकाश पार्न आग्रह गर्दै सबैसामु प्रस्तुति दिन आमन्त्रण गर्नुहोस् :
- वनस्पति समूह : समुदायका लागि खाना, औषधी, घरायसी सामग्री आदिको रूपमा कुन वनस्पतिहरू उपयोगी हुन्छन् ? यी वनस्पति रोप्न/लगाउन वा सङ्कलन गर्ने जिम्मेवारी प्रायः कसको हुन्छ ? वनस्पतिको प्रयोगका लाग प्रायः को जिम्मेवार हुन्छ, र यसको तयारीका लागि कस्तो ज्ञानको आवश्यकता पर्दछ ? के यी वनस्पतिहरू घरपरिवारकै लागि प्रयोग गरिन्छन् वा व्यापारिक प्रयोजनका लागि बिक्री गरिन्छन् ? कुन वनस्पतिका लागि धेरै पानी चाहिन्छ र कुन वनस्पति सुख्खामा पनि हुन्छ ? के नदीमा भएको परिवर्तनले यी वनस्पतिहरू पाउने/उपलब्ध हुने कुरामा प्रभाव परेको छ ? यस्तो प्रभाव समुदायमा सबैभन्दा बढी कसले पार्छ, र कसरी ?
- जीवजन्तु, चराचुरुङ्गी र किरा समूह : पावरपोइन्टको स्लाइडसोमा तपाईंले कुन प्रजातिहरू देख्नुभयो ? यी प्रजातिहरू स्वस्थ नदीमा कसरी निर्भर रहेका हुन्छन् ? के यिनीहरू वर्षको भिन्न भिन्न समयमा देखा पर्छन्, वा दिन वा रातमा अझ बढी मात्रामा देखा पर्छन् ? यिनीहरूको सङ्ख्यामा तपाईंले हालैका वर्षहरूमा कुनै परिवर्तन देख्नुभएको छ ? यी परिवर्तन किन भएको होलान् ? यदि नदी सुक्यो वा प्रदूषित भयो भने, यी प्राणलीहरूलाई कस्तो असर पर्छ ?
- जलीय जीवन समूह : हाम्रो नदीमा कति प्रकारका जीवनहरू छन् ? यीमध्ये हाम्रो समुदायमा कुन चाहिँको प्रयोग हुन्छ र कसरी ? यिनलाई समात्नका लागि मुख्य गरी को जिम्मेवार हुन्छ र यिनको तयारीका लागि को जिम्मेवार हुन्छ ? यिनीहरू घरपरिवारकै लागि प्रयोग गरिन्छन् वा व्यापारिक प्रयोजनका लागि बिक्री गरिन्छन् ? यदि यी जीवनका प्रकारहरू अब उपलब्ध नहुने हो भने, यसले खाद्य सुरक्षा र स्थानीय अर्थतन्त्रमा कस्तो असर पार्छ ?

३:१५–३:३० विश्राम

३:३०–४:३० पानीको नमूना सङ्कलन

- तीनवटै समूहले सङ्कलन गरेका पानीका भाँडाहरू देखाउनुहोस् । यी पानीमा प्राकृतिक रूपमा हुने कस्ता प्रकारका जीवनहरू छन् भनेर समूहलाई सोध्नुहोस् । तपाईंको विचारमा नदीको पानीमा कुनै नयाँ वस्तु छ ? यी वस्तुहरू पानीमा कसरी आए होलान् ? सहायक नदी वा

हिमाली खोल्साहरूबाट ? व्यक्ति वा उद्योगहरूले फालेका फोहोरहरूबाट ? तिनीहरू के होलान् ? (उदाहरणः  फोहारमैला, मानव तथा चौपायाको फोहोर, कृषिजन्य रयासन बगेर आएको, नदीको माथिल्लो भेगतिर भएका शहर वा उद्योगबाट आएका प्रदूषक पदार्थहरू, आदि) । छलफलको निरन्तरताका लागि प्रश्नहरू : यो पानी पिउनयोग्य छ भनी यहाँ कसैलाई लागेको छ ? यदि छैन भने, के यो पहिले (विगतमा) पिउनयोग्य थियो ? यो अवस्थामा परि वर्तन कहिले आयो ? के हामी नदीमा सुरक्षित भएर पौडिन सक्छौँ, र धुन, सरसफाइका लागि प्रयोग गर्न सक्छौँ ? के यो पानीले मानिस वा चौपायाहरूलाई बिरामी पारेको छ ? वर्षको कुने समयमा यो सबैभन्दा प्रदूषित हुन्छ ? सफा पानीको स्रोत हामीसँग भएन भने के हुन्छ होला ?

- सम्भव भएसम्म, रङ्गको परिसूचक, गन्ध, स्वाद, टर्बिडिटी– तैरिएको कुल ठोस पदार्थ (टिएसएस), घुलिएको कुल ठोस पदार्थ (टिडिएस), अम्लीय/क्षारीय सूचक (पिएच), इले क्ट्रिक कन्डक्टिभिटी (इसी), र रोग निदान (प्याथोलोजी) का लागि सामान्य इ–कोली परीक्षण जस्ता पानीको गुणस्तरसम्बन्धी केही परीक्षण गर्नका लागि स्थानीय विज्ञान शिक्षकको सहयोग लिनुहोस् । पानीमा देखिने गरी रङ्गको भिन्नता (Color Variation), कडा गन्ध, टिडिएसको मान एकदमै उच्च भएमा वा पिएचको मान असामान्य भएमा, यसले स्वास्थ्य र माछा/बालीमा गम्भीर असर पुऱ्याउन सक्छ र यसलाई मान्यताप्राप्त प्रयोगशालामा परीक्षण गरिनुपर्छ ।
- स्थानीय पानीको गुणस्तरको अनुगमन गर्ने तथा कुनै समस्या आएमा उजुरी गर्ने कुनै कार्यालय वा व्यक्तिका बारेमा सहभागीहरूलाई थाहा भए, नभएको सोध्नुहोस् । उनीहरूलाई कसरी सम्पर्क गर्ने भन्ने बारेमा तपाईँहरूलाई केही थाहा छ ? पानीको गुणस्तरको समस्याका विषयमा उजुरी गरेको अनुभव कोहीसँग छ ? यदि छ भने, के भएको थियो ? के त्यसपछि पनि कुनै काम भयो ?
- मानव तथा विभिन्न प्रजातिका प्राणीहरूका लागि नदीको महत्वमा जोड दिँदै गतिविधिको सारांश प्रस्तुत गर्नुहोस् । स्थानीय जीविका, खाद्य सुरक्षा, स्वास्थ्य, स्थानीय अर्थतन्त्र, र सांस्कृतिक तथा धार्मिक मूल्य मान्यतका बारेमा यसको महत्वमा केन्द्रित हुनुहोस् । आगामी दिनहरूमा हामी हाम्रो जलस्रोतको विषयमा निर्णय कसरी लिइन्छन् र यी निर्णयहरू समुदाय तथा स्वस्थ नदीमा निर्भर रहने जीवजन्तु तथा वनस्पतिको सर्वोच्च हितका लागि गरिऊन् भनेर सुनिश्चित गर्नका लागि हामीले कसरी काम गर्न सक्छौँ भन्ने विषयमा हामी छलफल गर्नेछौँ भनेर सहभागीहरूलाई बताउनुहोस् ।

गृहकार्य :
सहभागीहरूलाई रातीको खाना वा बिहानको खाजाको फोटो खिच्न वा चित्र कोर्न लगाउँदै उक्त खाना नदीको पारिस्थितिकीय प्रणालीसँग कसरी जोडिएको छ भनेर देखाउन आग्रह गर्नुहोस् ।

भाग ३

# हाम्रा नदीहरूको पारिस्थितिकीय प्रणाली, शक्तिका स्रोतहरूमा परिवर्तन

उद्देश्यः

- स्थानीय नदीको पारिस्थितिकीय प्रणालीमा आएको परिवर्तनको इतिहास बुझ्ने,
- ती परिवर्तनका कारकका बारेमा बुझ्ने,
- यी परिवर्तनहरूले पानीमा समुदायको पहुँचलाई कसरी प्रभाव पारेको छ भन्ने बारेमा सिक्ने,
- जल शासनको सन्दर्भमा शक्तिको स्रोतहरूको परिचय दिने ।

सामग्रीहरूः

- बोर्ड
- टाँस्ने कागज (पोष्टर पेपर)
- रङ्गिन मार्कर वा कलमहरू ।

**९:००–९:१५**

अघिल्लो दिनका सिकाइहरूको पुनरावलोकन गर्नुहोस् । एउटा खास्टो/बर्को/मफलरमा दश वा दशभन्दा बढी हलुका गाँठो बाँध्नुहोस् । सहभागीहरूलाई एउटा वृत्तमा उभिन आग्रह गर्नुहोस् र कुनै रमाइलो गीत/सङ्गीत बजाउनुहोस् । बर्को सहभागीहरूलाई एकआपसमा दिनका लागि आग्रह गर्नुहोस् । प्रत्येक सहभागीले बर्को पाएसँगै, उक्त सहभागीले एउटा गाँठो खोलेर अर्को सहभागीलाई बर्को दिनुपर्छ । प्रत्येक एक वा दुई मिनेटमा सङ्गीत बन्द गर्नुहोस् । सङ्गीत बन्द हुँदा जुन सहभागीको हातमा बर्को हुन्छ, उक्त सहभागीले अघिल्लो दिनको पाठबाट एउटा कुरा सम्झेर सबैका अगाडि बताउनुपर्छ ।

**९:१५–९:३०**

सहभागीहरूलाई अघिल्लो रातको खानाको वा बिहानको खाजाको फोटो देखाउनका लागि आग्रह गर्नुहोस् । प्रत्येक सहभागीलाई उनीहरूको विचारमा आफूले खाएको खाना नदी स्वस्थ पारिस्थितिकीय प्रणालीसँग कसरी सम्बन्धित छ भनेर सोध्नुहोस् । नदी स्वस्थ भएन भने के हुन्छ होला ?

**९:३०–१०:३०**

हाम्रो जीवनकालमा भएका परिवर्तन

- सहभागीहरूलाई नदीको बारेमा उनीहरूलाई याद रहेको को सबैभन्दा अघिको कुराका बारेमा सोध्नुहोस् । सहभागीहरूलाई जोडीमा विभाजन गर्नुहोस्, र हामीले अघिल्लो दिन सिकेको गहन

सुन्ने सीपको प्रयोग गर्दै जोडीको प्रत्येक साथीका लागि पाँच मिनेट उपलब्ध गराउँदै आफ्नो साथीलाई आफ्नो संस्मरण (विगतका कुरा) बताउनका लागि आग्रह गर्नुहोस् ।

- प्रत्येक सहभागीलाई ठूलो कागज उपलब्ध गराउँदै उनीहरूलाई एक्ला–एक्लै आफ्नो समुदाय र स्थानीय नदीको चित्र कोर्न आग्रह गर्नुहोस् ।
- कागजको माथिल्लो आधा भागमा, विगतमा उनीहरूको समुदाय र नदी कस्तो देखिन्थ्यो, सोको चित्र कोर्न लगाउनुहोस् ।
- कागजको तल्लो आधा भागमा, प्रत्येक सहभागीलाई उनीहरूको समुदाय तथा नदीमा उनीहरूले देखेँका परिवर्तनहरूको चित्र कोर्न लगाउनुहोस् । के यी दुवै चित्रहरू उस्तै छन् त ? यदि छैनन् भने, के परिवर्तन भयो ?

९:३०–१०:३०  विश्राम

१०:४५–१२:००  प्रस्तुति

- चित्र बनाउने क्रम सकिएपछि, सबै जनालाई एकत्रित गर्नुहोस् र प्रत्येक सहभागीलाई उनीहरूले बनाएको आफ्नो समुदाय तथा नदीको चित्र प्रस्तुत गर्न र उनीहरूको विचारमा के परिवर्तन भयो भनेर व्याख्या गर्न आग्रह गर्नुहोस् । प्रत्येक सहभागीलाई प्रस्तुतीका लागि दुई मिनेट जति समय दिनुहोस् ।
- प्रत्येक सहभागीले प्रस्तुति दिएपछि, अन्य सहभागीलाई प्रश्न सोध्न तथा आफ्नो विचार राख्नका लागि आमन्त्रण गर्नुहोस् । प्रत्येक सहभागीले आफ्नो जीवनकालमा देखेँको विशेष परिवर्तन के थियो, यी परिवर्तनहरू राम्रो वा नराम्रो थिए, र यसले नदीमा निर्भर रहने मानिसहरूमा कस्तो प्रभाव पारेको छ जस्ता प्रश्न सोधेर सहजकर्ताले छलफललाई गति दिन सक्नेछन् । के कुनै समूह, उदाहरणका लागि महिला, माझी, नदी किनारका बगैंचाका मालीहरू अन्य समूहभन्दा बढी प्रत्यक्ष प्रभावित भएका छन् ?
- सहभागीहरूले प्रस्तुति दिएपछि, समुदाय तथा नदीको पारिस्थिकीमा आएको परिवर्तनका कारणहरूसँग सम्बन्धित मुख्य शब्दहरू बोर्डमा टिप्नुहोस् । यी कारणहरूमा जनसङ्ख्यामा भएको वृद्धि, सडक, पुल र बाँध जस्ता पूर्वाधारका ठूला आयोजनाहरू, खानी तथा अन्य उद्योगहरू, व्यापारिक गतिविधि, जलवायु परिवर्तन, एउटै बाली लगाउने चलन ९:यलय(अचयउ एबिलतबतष्यलक० मा वृद्धि, कृषिजनिक रसायनको प्रयोगमा वृद्धि आदि पर्न सक्छन् ।
- सहभागीहरूले कोरेको चित्रहरूलाई कक्षाको भित्तामा टाँस्नुहोस्, र आगामी दिनहरूमा यी परिवर्तनहरूका कारक को हुन्, यी परिवर्तनहरूबाट कसलाई फाइदा पुगेको र कसलाई दुःख भएको छ, र हाम्रा जलस्रोतलाई प्रभाव पार्ने निर्णयहरूमा हामी कसरी सहभागी हुन सक्छौँ भन्ने जस्ता विषयमा हामी छलफल गर्नेछौँ भन्दै सत्रको सारांश प्रस्तुत गर्नुहोस् ।

१२:००–१:३०  दिउँसोको खाना

१:३०–३:१५  शक्तिका स्रोतहरू

सहभागीहरूलाई उनीहरूको समाजमा रहेका शक्तिका स्रोतहरूका बारेमा छलफल गर्न आमन्त्रण गर्नुहोस् । सबैभन्दा बढी शक्ति भएका मानिसहरू को हुन् र तिनीहरूको विशेषता के हो ? यसमा धन, शिक्षा, राजनीतिक पद, धर्म, जातियता, लैङ्गिकता, उमेर, परिवार, ज्ञान, सम्मान, आदि कुरा पर्न सक्छन् । सहभागीहरूले दिएका उत्तरहरू बोर्डमा लेख्नुहोस्, र अर्को सत्रका लागि सुरक्षित राख्नुहोस् ।

- कक्षाभन्दा बाहिर जानुहोस् र सहभागीहरूलाई एकआपसतिर फर्किंदै लामबद्ध भएर उभिन आग्रह गर्नुहोस् । लामको एकापट्टिका सहभागीहरूलाई बस्न वा टुक्रुक्क बस्न र अर्कोपट्टिको सहभागीहरूलाई उभिनका लागि आग्रह गर्नुहोस् । प्रत्येक जोडीले आफ्नो साथीको आँखामा दश सेकेन्डसम्म केही नबोली हेर्नुपर्छ । त्यसपछि, सहभागीहरूलाई पालो फेर्न र अभ्यास दोहोऱ्याउनका लागि आग्रह गर्नुहोस् ।

- सहभागीहरूलाई गोलाकार भएर उभिन आग्रह गर्दै अभ्यास उनीहरूलाई कस्तो लाग्यो भनेर सोध्नुहोस् । के नराम्रो वा असहज लाग्यो ? तपाईँलाई उभिँदा सजिलो भयो कि बस्दा ? किन ?
- दोस्रो खेलका लागि, सहभागीहरूलाई जोडीमा विभाजित हुन आग्रह गर्नुहोस् । जोडीको एउटा साथीलाई आफ्नो हात आफ्नो साथीको अनुहारभन्दा केही इन्च पर राख्नका लागि अनुरोध गर्नुहोस् । पहिलेको साथीले आफ्नो हात यताउता चलाएपछि, अर्को साथीले उक्त हातलाई पछ्याउनुपर्छ । सहभागीहरूलाई आफ्ना साथीलाई यताउता डोऱ्याउनका लागि, भएको सबै ठाउँलाई प्रयोग गर्दै समय उपलब्ध गराउनुहोस् । त्यसपछि, पालो फेर्नुहोस् ।
- खेल खेलेपछि, सबै सहभागीहरूलाई खेलका बारेमा आफ्नो धारणा राख्न तलको प्रश्नहरूको प्रयोग गर्दै आग्रह गर्नुहोस् :
  - के तपाईँका लागि खेल रमाइलो थियो ? के यसले तपाईँलाई सहज बनायो ?
  - तपाईँलाई नेतृत्व गर्न मन लाग्यो कि पछ्याउन ?
  - के तपाईँको साथीले कुनै समयमा तपाईँलाई पछ्याउन नकार्नुभयो ?
  - यो अभ्यासले शक्तिलाई कसरी प्रतिनिधित्व गर्छ ?
  - यसले हाम्रो परिवार तथा समुदायको जीवनमा भएका सम्बन्धहरू तथा हामीलाई प्रभाव पार्ने कुरामा निर्णय लिने हाम्रो क्षमतालाई कसरी प्रतिनिधित्व गर्छ ?

छलफलपछि, आगामी सत्रहरूमा हामी शक्ति सम्बन्ध, हाम्रा प्राकृतिक स्रोतहरू– विशेषगरी हाम्रा नदी तथा जलसम्बन्धी महत्वपूर्ण निर्णयहरू कसरी लिइन्छन्, र त्यस्ता निर्णयहरूले हाम्रो समुदायका लागि सकारात्मक प्रतिफल ल्याउन भन्ने सुनिश्चितता गर्नका लागि हामीले अझ धेरै शक्ति र आत्मबल कसरी प्राप्त गर्न सक्छौँ भन्ने बारमो छलफल गर्नेछौँ भन्ने कुरा व्याख्या गर्नुहोस् ।

२:३०–३:३०

- कक्षाकोठामा फर्किनुहोस् र निम्नानुसारका शक्तिका तीनवटा प्रकारहरूका बारेमा छलफल गर्नुहोस् :
  - कसैमाथिको शक्ति (कुनै पनि व्यक्ति वा समूहले अर्को व्यक्ति वा समूहलाई नियन्त्रण गर्न र/वा उनीहरूका लागि निर्णय लिन आफ्ना शक्तिका स्रोतहरूको प्रयोग गर्नु– लक्ष्यमा केन्द्रित हुन्छ) ।
  - शक्तिको बाँडफाँड (कुनै पनि व्यक्ति वा समूहले एकअर्कालाई सहयोग गर्न, स्रोतहरूको सहप्रयोग गर्न, र मिलेर निर्णय लिनका लागि आफ्ना शक्तिका स्रोतहरूको प्रयोग गर्नु– प्रक्रियामा केन्द्रित हुन्छ) ।
  - आफैँभित्रको शक्ति (कुनै पनि व्यक्ति वा समूहलाई डरलाई जित्न र अहिंसात्मक कार्यमार्फत सकारात्मक परिवर्तनको सिर्जना गर्नका लागि सहयोग गर्ने गरी उनीहरूभित्र रहेको वा विकास गर्न सक्ने शक्तिको आन्तरिक स्रोतहरू) ।
- "कसैमाथिको शक्ति" लाई रातो "शक्तिको बाँडफाँड" लाई कालो र "आफैँभित्रको शक्ति" लाई निलो मार्करले चिन्ह (अन्डरलाइन) लगाउनुहोस् ।
- सहभागीहरूलाई रातो, कालो र निलो मार्करहरू बाँड्दै अघिल्लो अभ्यासबाट लिएर बोर्डमा लेखिएका "शक्ति स्रोतहरू" तर्फ जान आग्रह गर्नुहोस् । सहभागीहरूको विचारमा "कसै माथिको शक्ति" सँग सम्बन्धित शब्दहरूलाई रातो मार्करले, उनीहरूको विचारमा "शक्तिको बाँडफाँड" सँग सम्बन्धित शब्दहरूलाई कालो मार्करले र "आफैँभित्रको शक्ति" सँग सम्बन्धित शब्दहरूलाई निलो मार्करले गोलो घेरा लगाउन सहभागीहरूलाई अनुरोध गर्नुहोस् ।
- धेरै शब्दहरू सबै तीनै प्रकारका शक्तिसँग सम्बन्धित हुनसक्छन् भन्ने कुरामा ध्यान दिनुहोस् । उदाहरणका लागि शिक्षालाई प्रायः माथिबाट तल बहने शक्ति प्राप्त गर्न प्रयोग गरिन्छ भने यसलाई सहजै अरुसँग शक्तिको बाँडफाँड गर्नका लागि पनि प्रयोग गर्न सकिन्छ, साथै यो आन्तरिक शक्ति र बलको महत्वपूर्ण स्रोत पनि हुनसक्छ ।
- सहभागीहरूलाई आफूले कुन शब्दलाई कस्तो रङ्गले घेरा लगाए र किन भनेर अनुभव साँट्न अनुरोध गर्नुहोस् । शक्ति राम्रो हो वा नराम्रो भनेर सहभागीहरूलाई आफ्नो विचार राख्न दिनुहोस् साथै हामीले हाम्रो शक्तिलाई प्रयोग गर्ने कुरामा र के उद्देश्यका लागि कसरी निर्णय लिन सक्छौँ भन्ने कुरामा छलफल गर्नुहोस् ।

३:३०–३:४५ विश्राम

३:४५–४:३० सहभागीहरूलाई ३–४ जनाको समूहमा विभाजित गर्नुहोस् । प्रत्येक सहभागीलाई कसैले आफूमाथि शक्तिको प्रयोग गरेको अनुभव बताउन आग्रह गर्नुहोस् । उक्त परिस्थितिलाई सम्बोधन गर्नका लागि उनीहरूले आन्तरिक वा बाँडफाँड भएको शक्तिको कुन स्रोतको प्रयोग गरे ? प्रत्येक सहभागीलाई आफ्नो कुरा राख्न ५ मिनेटको समय दिनुहोस् र गहन सुनाइ सीपको महत्वलाई जोड दिनुहोस् । सहभागीहरूलाई समूहबाट फर्काउँदै, स्वयंसेवी सहभागीहरूलाई आफ्नो अनुभव बताउन आमन्त्रण गर्नुहोस् ।

भाग ४

# जलस्रोत शासनमा लैङ्गिकता तथा शक्ति

सिकाइका उद्देश्यहरू :

- लङ्ग तथा लैङ्गिकताबीचको फरक बुझ्ने
- लैङ्गिक समानताको महत्वका बारेमा चेतना विकास गर्ने
- जलस्रोतमा लैङ्गिक पहुँच तथा नियन्त्रणबीचको भिन्नता बुझ्ने
- सहभागीहरूबीच ऐक्यबद्धता प्रवर्द्धन गर्ने

सामग्री :

- बोर्ड
- पोष्टर पेपर (टाँस्ने कागज)
- मार्कर
- कम्प्युटर
- प्रोजेक्टर

खानेपानी र नुहाउने र घरायसी प्रयोगका लागि पानी, लुगा धुन, बाली र बगैंचामा पानी लगाउने जस्ता दैनिक गतिविधि र नदी तथा नदी किनारमा खान मिल्ने वनस्पति, माछा तथा जीवजन्तु खोज्ने कुराका लागि महिलाहरू जलस्रोतमा धेरै नै निर्भर रहन्छन् । धेरै ठाउँहरूमा पानीलाई महिलाहरूले धार्मिक अनुष्ठानहरूका लागि पनि प्रयोग गर्छन् । जलस्रोतसँगको महिलाको नजिकको सम्पर्क भए पनि, जलस्रोतको शासनमा प्रायः पुरुषहरूको बाहुल्यता रहने गरेको छ । फलस्वरूप, महिलाका दृष्टिकोणहरूलाई प्रायः उपेक्षा गरिन्छ, उनीहरूको आवश्यकता पूरा हुँदैनन्, र उनीहरूको सरोकारहरू सम्बोधन गरिदैनन् ।

समुदाय जल शासनमा लैङ्गिक समानता तथा समान प्रतिनिधित्वका लागि काम गर्न शुरु गर्न, हामी महिला र पुरुषका सामान्य सांस्कृतिक दृष्टिकोणहरूका बारेमा चर्चा, छलफल गर्नेछौं । जैविक भिन्नताहरू स्थिर रहे पनि, सांस्कृतिक दृष्टिकोणहरू परिवर्तन हुनसक्छन्, र जलस्रोतको पहुँच तथा नियन्त्रणमा समानता प्रवर्द्धनका लागि महिला र पुरुषहरू मिलेर काम गर्न सक्छन् भन्ने कुरा हामी सिक्नेछौं ।

९:००–९:१५

ऊर्जा जगाउने खेल (इनरजाइजर)

सबैलाई गोलाकार भएर उभिन आग्रह गर्नुहोस् । सहजकर्ता कुनै एक सहभागीको बायाँपट्टि फर्किंदै ताली बजाउने र त्यति नै बेला उक्त सहभागीलाई पनि ताली बजाउन आग्रह गर्ने । त्यसपछि, उक्त सहभागीले पनि तुरुन्तै अर्को सहभागीतर्फ फर्केर ताली बजाउने र उक्त अर्को सहभागीको त्यति नै

बेला ताली बजाउने । वृत्तमा यो क्रमलाई अघि बढाउने, सहभागीहरूलाई चाँडोभन्दा चाँडो ताली बजाउन प्रोत्साहन गर्ने । ताली बजाउने पालो सहजकर्तासम्म आइपुगेपछि, दिशा परिवर्तन गरेर सबैलाई चकित बनाउने र यस पटक दायाँ घुम्ने । सकेसम्म चाँडो जाने, र खेलको क्रम भङ्ग नहुँदासम्म ताली बजाउने दिशा परिवर्तनको क्रमलाई पनि बढाउने ।

९:१५–१०:४५ हाम्रो समुदायमा निर्णय लिने शक्ति

- समाजमा सहभागीहरूले पहिचान गरेका शक्तिका स्रोतहरू पहिचान गर्न आग्रह गर्दै सहभागीहरूलाई अघिल्लो दिनको पाठको पुनरावलोकन गर्न आग्रह गर्ने । बोर्डमा, दुईवटा महलसहितको तालिका बनाउने । पहिलो महलमा, “बढी शक्ति” लेख्ने र अर्को महलमा “कम शक्ति” लेख्ने ।
- सहभागीहरूलाई उनीहरूको समुदायमा भएको नदीसम्मको पहुँच परिवर्तन गर्ने गरी ठूलो विकास आयोजना आउन लागेको परिस्थिति कल्पना गर्न आग्रह गर्ने । परम्परागतरूपमा, यस्तो आयोजनाको निर्णय प्रक्रियामा सहभागी हुने शक्ति कोसँग हुन्छ ? सहभागीहरूले उत्तर बताउन थालेपछि, उक्त उत्तरहरूलाई “बढी शक्ति” महलअन्तर्गत लेख्ने । यी महलमा पर्ने व्यक्तिहरूमा पुरुष, ज्येष्ठ नागरिक, समुदायका नेताहरू, धार्मिक नेताहरू, स्थानीय राजनीतिज्ञहरू, सांसद, विश्वविद्यालयबाट शिक्षा आर्जन गरेका व्यक्तिहरू, अङ्ग्रेजी वा राष्ट्रिय भाषा राम्ररी बोल्न सक्ने व्यक्तिहरू, जातिय वा धार्मिक बाहुल्यता भएका समुदायका प्रतिनिधिहरू, आदि हुन सक्छन् ।
- अब, निर्णय लिने प्रक्रियामा सहभागी हुनका लागि परम्परागतरूपमा कम शक्ति भएका समूहहरूका बारेमा सहभागीहरूलाई सोध्ने । सहभागीहरूले उत्तर बताउन थालेपछि, उक्त उत्तरहरूलाई “कम शक्ति” महलअन्तर्गत लेख्ने । यसमा महिला, युवा, कृषक, माझी समुदाय, जनजाति समूह, औपचारिक शिक्षाको स्तर कम भएका व्यक्तिहरू, जातिय तथा धार्मिक अल्पसङ्ख्यकहरू, अपाङ्गता भएका व्यक्तिहरू, आदि पर्न सक्छन् । यदि सहभागीहरू उत्तर दिने क्रममा रोकिएमा, छलफललाई अघि बढाउन, सहजकर्ताले निम्न प्रश्नहरू जस्ता प्रश्न सोध्न सक्ने छन् : माझी समुदायको समाजमा प्रायः धेरै शक्ति हुन्छ कि थोरै ?

हाम्रा जलस्रोतका बारेमा निर्णय लिने व्यक्तिहरू प्रायः ती स्रोतहरूसँग दैनिकरूपमा थोरै अन्तर्क्रिया गर्ने व्यक्तिहरू हुने गर्छन् भन्ने तथ्यउपर छलफल गर्दै यो गतिविधिको सारांश प्रस्तुत गर्नुहोस् । उदाहरणका लागि, के नदीमा दैनिकरूपमा पिउने पानी लिन जाने आमासँग जल डाइभर्सन आयोजनाको डिजाइन गर्दा परामर्श गरिन्छ त ? बाँध कहाँ बनाउने भन्ने विषयमा के माझी समुदायसँग सामान्यरूपमा परामर्श गरिन्छ त ?

आगामी दिनमा, हामी यो मुख्य प्रश्नको समाधान खोज्ने प्रयास गर्नेछौँ : जलस्रोतसँग जीविका सबैभन्दा धेरै हदसम्म जोडिएका व्यक्तिहरूसँग पनि निर्णय लिने शक्ति बराबर भएमा जल शासन कस्तो देखिन्छ होला ?

१०:४५–११:०० विश्राम

११:००–१२:०० लैङ्गिकताको घडी खेल

- कक्षाकोठामा भएका टेबुल कुर्सीहरूलाई हटाउनुहोस् र सहभागीहरूलाई महिला र पुरुषको दुई समूहमा विभाजन गर्नुहोस् । महिलाहरूलाई कोठाको एकापट्टि बस्न र पुरुषहरूलाई कोठाको अर्कोपट्टि उभिन आग्रह गर्नुहोस् ।
- बिहान ३ बजेदेखि शुरु गर्दै, सहजकर्ताले घण्टा घण्टाको फरक हुने गरी समय बताउन थाल्छन्, र पुरुषहरूलाई उक्त समयमा प्रायः तपाईंहरू के गर्नुहुन्छ भनेर कुनै आवाज ननिकाली प्रदर्शन गर्न आग्रह गर्छन् । घण्टा घण्टाको फरक हुने गरी समय बताउनुहोस्, र प्रत्येक घण्टामा पुरुषहरूले प्रायः गर्ने गतिविधिहरूलाई अभिनय गरेर देखाउन आग्रह गर्नुहोस् । उनीहरूलाई जीविकोपार्जनका गतिविधिहरू तथा उनीहरूले स्थानीय जलस्रोतको उपयोग कसरी गर्छन् भन्ने विषयमा केन्द्रित रहन आग्रह गर्नुहोस् ।
- पुरुष सहभागीहरूका लागि २४ घण्टाको समयचक्र पूरा भएपछि, उनीहरूलाई बस्न आग्रह गर्दै

महिलाहरूलाई उभिन आग्रह गर्नुहोस् । घण्टा घण्टाको फरक हुने गरी समय बताउनुहोस् र महिलाहरूलाई आफूले प्रायः गर्ने गतिविधिहरूको अभिनय गर्न आग्रह गर्नुहोस् ।

- दुवै समूहहरूले आफ्नो पालोमा पर्ने अभिनय सकेपछि, सबैलाई बस्न आग्रह गर्दै आफ्ना प्रतिक्रिया राख्नका लागि आमन्त्रण गर्नुहोस् । महिला तथा पुरुषहरूको गतिविधिका बीचमा तपाईंले कस्तो भिन्नता देख्नुभयो ? के कुनै कुराले तपाईंलाई चकित बनायो ? के महिला र पुरुषहरूले जलस्रोतलाई भिन्न भिन्न तरिकाले प्रयोग गर्छन् त ? यसमा आधारित हुँदै, के तपाईंको विचारमा जलस्रोतमा आएको परिवर्तनले महिला र पुरुषहरूलाई भिन्न भिन्न रूपमा प्रभाव पार्छ ? यदि पार्छ भने, कसरी ?

**१२:००–१:३०** दिउँसोको खानका लागि विश्राम

**१:३०–२:००** “लिङ्ग” र “लैङ्गिकता” सम्बन्धी बुझाइ

बोर्डमा “लिङ्ग” र “लैङ्गिकता” लेख्नुहोस् । यी शब्दावलीहरूलाई तालीमको भाषाअनुरूप अनुवाद वा समायोजन गर्न गाह्रो भएमा, सहजकर्ताले यी शब्दहरूलाई निम्ना वाक्यांश लेख्दै प्रतिस्थापन गर्न सक्नेछन् : “महिला तथा पुरुषको शारीरिक पक्षहरू” र “महिला र पुरुषप्रतिको सांस्कृतिक धारणा” । सहभागीहरूले यी दुई शब्दबीचको फरक बुझेको सुनिश्चित गर्नका लागि, “लिङ्ग” लाई महिला र पुरुषहरूको जैविक पक्षहरू, र “लैङ्गिकतालाई” महिला र पुरुषहरूको व्यवहारगत, सामाजिक तथा मनोसामाजिक विशेषताहरूको रूपमा थप व्याख्या गर्नुहोस् । निम्न वाक्यहरू बताउँदै, सहभागीहरूलाई यी वाक्यहरू “लिङ्ग” र “लैङ्गिकता” कुन शब्दसँग सम्बन्धित छन् भनेर उत्तर दिन आग्रह गर्नुहोस् ।

१. महिलाहरू गर्भवती हुन सक्छन् (लिङ्ग)

२. छोरीहरूले सम्पत्तिको अंश पाउन सक्दैनन् (लैङ्गिकता)

३. परिवारको मूली पुरुष हुन्छ (लैङ्गिकता)

४. पुरुषहरूले बच्चा जन्माउन सक्दैनन् (लिङ्ग)

५. महिलाहरूले निर्णय लिन सक्दैनन् (लैङ्गिकता)

६. महिलाको स्थान घरभित्र हो (लैङ्गिकता)

स्थानीय सांस्कृतिक आस्थाका आधारमा सहजकर्ताले केही वाक्यहरू थप्न सक्नेछन् । महिला र पुरुषबीचको शारीरिक र जैविक भिन्नताभन्दा फरक लैङ्गिकतासँग जोडिएका सामाजिक तथा सांस्कृतिक आस्थाहरू प्रत्येक समाजले निर्माण गर्दछ र समयसँगै परिवर्तन हुनसक्छ ।

**२:००–३:३०** शक्ति तथा लैङ्गिकता

- महिला र पुरुषहरूलाई दुई समूहमा विभाजन गर्नुहोस् । यदि समूहका सबै व्यक्तिहरूको लैङ्गिकता एउटै भएमा, सहभागीहरूको जोडा बनाइ विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई आफ्नो लैङ्गिकताका कारण आफूलाई भिन्नरूपमा व्यवहार गरिएको, जस्तै तपाईंलाई केटाहरू रुदैनन् भनिएको वा त्यो कुरा गर्नु केटीहरूका लागि सुरक्षित हुँदैन भनिएको जीवनको कुनै समयका बारेमा सोच्न आग्रह गर्नुहोस् । तपाईंको संस्कृतिमा, महिला वा पुरुषहरूसँग सम्बन्धित भूमिका, विश्वास, अपेक्षा, छवि र मनोवृत्ति के रहेका छन् ? यस्तो वातावरणमा, यस्ता कुराहरूसहित हुर्किरहेकी कुनै बालिकालाई यसले कस्तो महसुस गराउँछ ? कुनै बालक हुर्किंदै गर्दा यसले उसलाई कस्तो महसुस गराउँछ ? ठूलो समूहलाई छलफल गर्नका लागि ३० मिनेट र जोडीहरूलाई छलफल गर्नका लागि ५ मिनेटको समय दिनुहोस् ।
- सहभागीहरूको समूह भङ्ग गरी आफूले गरेका छलफलका मुख्य कुराहरू सबैका अगाडि राख्नका लागि आग्रह गर्नुहोस् ।

लैङ्गिकता तथा शक्ति एकआपसमा कसरी सम्बन्धित छन् भनेर सोध्दै सहजकर्ताले छलफल शुरु गर्ने । हामी जब लैङ्गिकताका बारेमा सोच्छौं, हामी महिलाका बारेमा सोच्न पुग्छौं भन्ने कुरा व्यक्त गर्नुहोस् । तर लैङ्गिकता वरिपरि रहने आस्थाहरूले महिला र पुरुष दुवैलाई प्रभाव पार्न सक्छ भनेर

हामी देख्न सक्छौं । लैङ्गिकतासँग सम्बन्धित सांस्कृतिक विश्वासलाई आत्मासात् गर्दा यसले पीडा, द्वन्द्व, विभेद र अन्याय निम्त्याउन सक्छ । हामीलाई यो सामान्य, प्राकृतिक लाग्छ, तर यो सामान्य होइन । हामी सँगै मिलेर कस्तो प्रकारको समाजको विकास गर्न चाहन्छौं ? कार्यशालाको पहिलो दिनमा हामीले पहिचान गरेका साझा मूल्यलाई स्मरण गर्नुहोस् ।

हाम्रा साझा मूल्यको अझ राम्रो प्रतिनिधित्व गर्ने समाज विकास गर्नका लागि हामीले कस्तो परिवर्तन ल्याउन सक्छौं ? कसैमाथिको शक्तिभन्दा पनि आफैंभित्रको शक्ति र बाँडफाँड भएको शक्तिमा आधारित संस्कृतिको प्रवर्द्धन गर्न हामीले सँगै मिलेर कसरी काम गर्न सक्छौं ?

सहभागीहरूलाई आफ्नो कुरा राख्नका लागि आग्रह गर्नुहोस् ।

३:३०–३:४५ विश्राम

३:४५–३:५० ऊर्जा जगाउने खेल : कुनै एक सहभागीलाई खेल खेलाउन वा गीत गाउनका लागि आग्रह गर्नुहोस्

३:५०–४:३० ऐक्यबद्धता निर्माण

- सहभागीहरूलाई जोडामा विभाजन हुनका लागि आग्रह गर्नुहोस्– पुरुषले पुरुषसँग जोडी बनाउने र महिलाले महिलासँग जोडी बनाउने । अघिको छलफललाई सम्झदै, सहभागीहरूको प्रत्येक जोडीलाई उनीहरूको समाजमा साझा शक्ति तथा लैङ्गिकता समानताको प्रवर्द्धन गर्न उनीहरूले व्यक्तिगत स्तरमा के गर्न सक्छन् भन्ने विषयमा आफ्ना विचार प्रस्तुत गर्न आग्रह गर्नुहोस् ।
- पुरुषहरूले शक्तिको बाँडफाँड गर्न तथा वातावरण र समुदायको भविष्यका लागि गरिने निर्णय प्रक्रियामा सहभागी हुनका लागि महिलाहरूका लागि समान अवसर सुनिश्चित गर्न उनीहरूले के गर्न सक्छन् भन्ने विषयमा पुरुषहरूलाई सोध्नुहोस् ।
- अवसरमा महिलाहरूको अझ बढी पहुँच पुऱ्याउन उनीहरूलाई के आवश्यक पर्छ र समुदायमा भएका युवा महिला तथा निर्णय प्रक्रियामा सहभागी हुने अवसर परम्परागतरूपमै कम भएका महिलाहरूलाई निर्णय प्रक्रियामा सहभागी गराउन उनीहरूले आफ्नो शक्तिको बाँडफाँड कसरी गर्न सक्छन् भन्ने विषय महिलाहरूलाई सोध्नुहोस् ।
- प्रत्येक सहभागीलाई आफ्नो कुरा राख्नका लागि ५ मिनेट, जोडीका लागि कुल दश मिनेटको समय दिनुहोस् ।
- सकिएपछि, सहभागीहरूलाई ठूलो घेरा बनाएर उभिन आग्रह गर्नुहोस् । सहभागीहरूलाई आफ्नो समुदायमा लैङ्गिक समानता प्रवर्द्धन गर्नका लागि उनीहरूले गर्नसक्ने पहिलो कार्यको बारेमा शपथ लिने विषयमा विचार गर्न आग्रह गर्नुहोस् । एक जना सहभागीलाई एउटा बल दिनुहोस् र आफ्नो शपथ सबैका अगाडि बताउन आग्रह गर्नुहोस्, त्यसपछि बललाई उक्त सहभागीले अर्को सहभागीलाई दिनु पर्नेछ र उक्त अर्को सहभागीले पनि आफ्नो शपथ सबैका अगाडि भन्नु पर्नेछ । सबैको पालो नआउँदासम्म यो क्रम जारी राख्नुहोस् ।

गृहकार्य :

सम्भव भएसम्म, परम्परागत माओरी समुदायमा रहेको लैङ्गिक सम्बन्धका विषय समेटेको “व्हेल राइडर” नामक चलचित्र देखाउनुहोस् । लैङ्गिकतासम्बन्धी सांस्कृतिक विश्वासहरू पुरुषका साथै महिलाहरूका लागि पनि कसरी हानिकारक हुन्छ, र सकारात्मक सांस्कृतिक मूल्यहरूलाई कायम राख्दै समुदायले लैङ्गिक न्यायका लागि कसरी मिलेर प्रगति गर्न सक्छ भन्ने कुरा यो चलचित्रले उत्कृष्ट ढङ्गले देखाएको छ । सहभागीहरूको सांस्कृतिक सन्दर्भसँग मिल्ने गरी सहजकर्ताले अर्को कुनै वैकल्पिक चलचित्रको पनि छनौट गर्न सक्ने छन् ।

प्रत्येक सहभागीलाई आफूलाई विशेष लाग्ने तथा उनीहरूको समुदायलाई प्रतिनिधित्व गर्ने कुनै वस्तु वा वस्तुको फोटो ल्याउनका लागि आग्रह गर्नुहोस् ।

भाग ५

# सामुदायिक स्रोतको नक्साङ्कन

उद्देश्य:

- सामुदायिक प्रक्रियाको बलियो पक्ष तथा स्रोतहरूका बारेमा बुझ्ने,
- स्रोतको सहभागितामूलक नक्साङ्कन तथा तथ्याङ्क सङ्कलन विधिमार्फत सहभागीहरूलाई आफ्ना सीमानाहरूको नक्सा आफैँ तयार गर्न र आफ्ना स्रोतहरूउपर अधिकार दाबी गर्न सहभागीहरूलाई सशक्तिकरण गर्ने,
- नदी तथा प्राकृतिक स्रोतको पैरवी गरिरहेका संस्थाहरूलाई सहभागितामूलक नक्साङ्कन र तथ्याङ्क सङ्कलनका विधि र साधनहरू उपलब्ध गराउने,
- प्रत्येक समुदायको बलियो पक्षमा आधारित भएर सुशासन तथा सहभागितामूलक विकास कसरी विकसित हुन्छ भनेर सिक्ने,
- सहभागीहरूलाई उनीहरूका लागि विकासको अर्थ के हो भनेर सोच्न प्रोत्साहन गर्ने,
- स्थानीय जलस्रोतलाई प्रभाव पार्ने निर्णयहरूमा जनसहभागिताको महत्व बुझ्ने ।

सामग्रीहरू:

- बोर्ड
- मार्कर
- पोष्टर पेपर (टाँस्ने कागज)
- स्टिकी नोट
- चित्र कोर्ने कागज
- रङ्गिन पेन्सिलहरू
- अगाडि नै तयार पारिएका पहिले र पछिका तस्वीरहरू

९:००–९:१५

आफूलाई मनपरेका वस्तुहरू, तिनीहरूले के प्रतिनिधित्व गर्छन् सो कुरा र समुदायका लागि ती वस्तुहरू किन महत्वपूर्ण छन् भन्ने कुरा बताउने ।

९:१५–१०:३०

जलस्रोतको शासनको सम्बन्धमा हामीले विकासका बारेमा कुरा गर्नुअघि, समुदायसँग पहिले नै भएको बलियो पक्ष तथा स्रोतका बारेमा बुझ्नु महत्वपूर्ण हुन्छ । हाम्रा सबै समुदायहरूले समयसँगै विभिन्न प्रकारका स्रोतहरूको विकास गरेका छौं भनेर सहभागीहरूलाई अवगत गराउने । मानिसहरूले यस्ता स्रोतहरू अप्रत्याशित मौसम, राजनीतिक परिवर्तन र सांस्कृतिक दबाबहरू जस्ता चुनौतिहरूको सामना गर्न तथा त्यसबाट बच्नका लागि प्रयोग गर्छन् । यस्ता प्रक्रियाहरूको नक्साङ्कन गर्नु समुदायलाई सुरक्षित राख्नका लागि उनीहरूलाई एकै ठाउँमा ल्याउने एक महत्वपूर्ण साधन हो ।

- बोर्डमा समुदायको नाम ठूलो अक्षरमा लेख्नुहोस् र त्यसको वरिपरि गोलाकार हुने गरी ७ वटा

ठूला कागजका टुक्रा टाँस्नुहोस् । यी टाँसिएका कागजका टुक्राहरूमा एक एक गरी निम्न कुराहरू लेख्नुहोस् : (१) प्राकृतिक स्रोत, (२) मानव संसाधन, (३) आर्थिक स्रोत, (४) सामाजिक स्रोत, (५) बौद्धिक स्रोत, (६) भौतिक स्रोत, र (७) अध्यात्मिक स्रोत । यदि सहभागीहरूलाई पढ्न गाह्रो भएमा, प्रत्येक वर्गको प्रतिबिम्ब स्वरूप चिन्ह वा चित्र बनाउनुहोस् ।

- प्रत्येक वर्गको एक वा दुइटा उदाहरण दिँदै प्रत्येक वर्गको व्याख्या गर्नुहोस् जसबाट सहभागीहरूले यस बारेमा थप कुराहरू ल्याउन सकून् ।
  - प्राकृतिक स्रोतः कृषियोग्य जमिन, फलफूलका रुख, नदी किनारका बगैँचा, वन, वर्षा, नदी, ताल, पोखरी, खान मिल्ने वनस्पति र औषधी, माछा, जनावर, प्राकृतिक निर्माण सामग्री र विभिन्न प्रकारका वन पैदावर ।
  - मानव संसाधन : काठको काम, माछा मार्ने, कृषि, शिकार गर्ने, सामानहरूको बजारीकरण गर्ने, औजार तथा कपडा बनाउने सीप भएका मानिसहरू, डाक्टर, शिक्षक, ज्ञान– औपचारिक र कुन जङ्गली वनस्पतिहरू उपयोगी हुन्छन् र कसरी, खाना कसरी तयार तयार र भण्डारण गर्ने, जडीबुटी कसरी पहिचान गर्ने, स्थानीय इतिहास तथा संस्कृतिका बारेमा ज्येष्ठ नागरिकहरूसँग भएको ज्ञान जस्ता स्थानीय ज्ञानसहित ।
  - आर्थिक स्रोत : पैसा, विप्रेषण (विदेश वा शहरमा रहेका आफन्तले पठाएको पैसा), सामान बेच्नका लागि बजारसम्मको पहुँच, साना व्यवसाय, पर्यटकीय आकर्षणका केन्द्रहरू, ऋणको पहुँच, सहकारी, बैंक, सरकारी सहयोग ।
  - सामाजिक स्रोत : संस्कार, परम्परा, उत्सव, बिदा तथा चाडबाड, मौसमी उत्सव (जस्तैः रोपाइ समारोह), स्थानीय संस्था, ऐक्यबद्धता, साथीसङ्गी, आफन्त, महिला समूह, युवा समूह, स्थानीय सरकारका संस्थाहरू ।
  - बौद्धिक स्रोत : भाषा, सङ्गीत, बाजागाजा, कविता, कथा, गीत, साहित्य, कला, वास्तुकला, झाँकी, नृत्य, बुनाइ, काष्ठकला, गरगहना ।
  - भौतिक स्रोत : घर, अस्पताल, विद्यालय, सडक, नहर, विद्युत्को स्रोत, सञ्चारका साधनहरू, पानी तान्ने पम्प, गाडी, औजार, मेशिन तथा उपकरण ।
  - अध्यात्मिक स्रोत : धार्मिक गुरु, मठमन्दिर, धार्मिक दृष्टिकोणले महत्वपूर्ण प्राकृतिक स्थानहरू, धार्मिक बिदा र उत्सवहरू, प्रार्थना, पुर्खा, धार्मिक सङ्गीत तथा लेखोट/कागजातहरू ।
- सहभागीहरूलाई स्टिकी नोट दिनुहोस् र उनीहरूको समुदायमा भएका स्रोतहरूको नाम लेख्न वा चित्र बनाउनका लागि आग्रह गर्नुहोस्, त्यसपछि प्रत्येक वर्गको तल टाँस्न लगाउनुहोस् । यदि सहभागीहरूलाई चिन्ह वा चित्र बनाउन मनलाग्छ भने त्यसो गर्न मिल्ने कुरा बताउनुहोस् ।
- यदि सहभागीहरूलाई केही सहयोग चाहिएको खण्डमा, सहजकर्ताले माथि दिइएको सूचीबाट केही उदाहरणहरू दिँदै सहभागीहरूलाई आफूले भनेको कुरा कुन वर्गमा पर्छ भनेर सोध्न सक्नेछन् ।

१०:३०–१०:४५ विश्राम

१०:४५–११:१५ सहभागीहरूलाई चारवटा समूहमा विभाजन गर्नुहोस् र प्रत्येक समूहलाई निम्नमध्ये एक एक प्रश्न दिनुहोस् :

१) हाम्रो समुदायमा कुन स्रोत अधिक छ ?

२) हाम्रो समुदायमा कुन स्रोत कम छ ?

३) हाम्रो समुदायको सुदृढीकरण गर्नका लागि हामीलाई थप कस्ता स्रोतहरू आवश्यक पर्छन् ?

४) यी स्रोतमध्ये तपाईंलाई कुन स्रोतको चिन्ता लागेको छ ? कुन स्रोतलाई खतरा छ ?

११:१५–११:५५ प्रत्येक समूहलाई आफ्नो विचार प्रस्तुत गर्न आग्रह गर्नुहोस् ।

**११:५५–१२:००** केही समुदायमा केही कुरा प्रशस्त हुने र केही कुरा कम हुने कुरामा जोड दिँदै सत्रको सारांश प्रस्तुत गर्नुहोस् । सुशासन तथा सहभागितामूलक विकास प्रत्येक समुदायमा भएका सबल पक्ष, उपलब्ध स्रोतहरूको सुरक्षा गर्दै सकारात्मक परिवर्तन ल्याउनेमा आधारित हुन्छ ।

**१२:००–१:३०** दिउँसोको खाना

**१:३०–३:००** विकास भनेको के हो ?

- सहभागीहरूलाई सजिलोसँग बस्न र आँखा चिम्लिन र आफ्नो कल्पनाको प्रयोग गर्न तयार रहन आग्रह गर्नुहोस् ।
    - "आफ्नो समुदायका बारेमा सोच्नुहोस्– तपाईंको परिवार, छरछिमेक, तपाईंको गाउँ वा नगरमा भएका सबै मानिसहरू । उनीहरू आफ्नो जीवनमा के गर्छन् भनेर सम्झनुहोस् । उनीहरूको आशा के हुन्, उनीहरूको सरोकारहरू के हुन् ? अब, आफ्नो घर, बारी/जग्गा, नदी र जलस्रोत, र तपाईंको समुदायले प्रयोग गर्ने र लाभ लिने सबै स्थानहरूका बारेमा सोच्नुहोस् ।"
- सोच्नका लागि केही समय उपलब्ध गराएपछि, आँखा बन्द नै राख्दै, सहभागीहरूलाई थप प्रश्न सोध्नुहोस्, र प्रत्येक प्रश्नबीच सहभागीहरूलाई सोच्नका लागि केही समय दिनुहोस् ।
    - "तपाईंको समुदायमा रहेका मानिसहरूको जीवनमा सुधार ल्याउनका लागि सहयोग गर्ने केही आयोजनाहरू कुन कुन हुन् ? सबैलाई अझ स्वस्थ, खुशी र अझ बढी अवसर उपलब्ध गराउनका लागि कस्ता कुराहरूले सहयोग गर्लान् ?"

  सहभागीहरूलाई सोच्नका लागि केही समय रोकिनुहोस् ।
    - "आयोजनाहरूका लागि विभिन्न सम्भावनाहरू छन् । तपाईं आफ्ना छोराछोरीहरूका लागि शिक्षा वा वयस्कहरूका लागि रोजगारी, वा परिवारहरूका लागि अझ राम्रो खानाका बारेमा सोचिरहनुभएको होला । शायद, तपाईं नयाँ सडक वा बजार, विद्युत् वा खानेपानीका बारेमा सोचिरहनुभएको होला । यो तपाईंको समुदायका लागि जे पनि हुनसक्छ वा पूरा देशकै लागि पनि केही कुरा हुनसक्छ ।"
- सहभागीहरूलाई सोच्नका लागि केही समय उपलब्ध भएपछि, सहभागीहरूलाई अब आफ्नो कुरा राख्न पाइने अवसर हुनेछ भनेर बताउनुहोस् ।
- सहभागीहरूलाई तीनदेखि पाँच जनाको समूहमा विभाजित हुनका लागि आग्रह गर्नुहोस् । प्रत्येक समूहलाई कागजको ठूलो टुक्रा दिनुहोस्– यो कागजलाई बीचमा तेर्सो रेखाले दुई भागमा विभाजित गरेको हुनुपर्छ । सहभागीहरूलाई समुदाय विकासका बारेमा उनीहरूको विचारका बारेमा छलफल गर्न र कागजको माथिल्लो भागमा चित्र बनाउन आग्रह गर्नुहोस् । यो कामका लागि १५ मिनेट उपलब्ध हुने कुरा बताउनुहोस् र समूहमा सबैले आफ्नो कुरा राख्ने तथा चित्र कोर्ने अवसर पाएको सुनिश्चित गर्नुहोस् ।
- समूहहरूको विगठन गरी प्रत्येक सहभागीलाई आफूले बनाएको चित्र देखाउन र विकासका लागि उनीहरूको परिकल्पनाका बारेमा कुरा गर्न आग्रह गर्नुहोस् ।
    - सबैले आफ्ना कुरा राखेपछि, सहभागीहरूलाई सरकार वा कम्पनीहरूले उनीहरूको समुदाय र क्षेत्रमा कस्ता प्रकारका विकास आयोजनाहरू प्रवर्द्धन गरिरहेका छन् भनेर सोध्नुहोस् । यसको बारेमा सोच्नका लागि उनीहरूलाई केही समय दिनुहोस् ।
    - सहभागीहरूलाई फेरि साना समूहमा विभाजन गर्नुहोस् र सरकार तथा कम्पनीहरूले प्रवर्द्धन गरिरहेका विभिन्न प्रकारका विकास आयोजनाहरूको बारेका कुराकानी गर्न तथा कागजको तल्लो भागमा तिनको चित्र कोर्न आग्रह गर्नुहोस् । यी चित्रहरूमा सहभागीहरूलाई राम्रो लागेका तथा राम्रो नलागेका दुवै प्रकारका विकास आयोजनाहरू समावेश हुनुपर्ने कुरा बताउनुहोस् ।

- सबैलाई आफूले बनाएको चित्र भित्तामा टाँस्न आग्रह गर्नुहोस् । समूहहरूको विगठन गरी प्रत्येक सहभागीलाई आफूले बनाएको चित्रका बारेमा कुरा गर्न आग्रह गर्नुहोस् ।
- सबैले आ–आफ्नो कुरा राखेपछि, विकासका विभिन्न विचारहरूका बारेमा छलफल अघि बढाउनुहोस् । के यी सबै चित्रहरूले विकासको प्रतिनिधित्व गर्छन् वा केही चित्रहरूले मात्रै गर्छन् ? सहभागीहरूले यहाँ राखेका कुराहरू सरकार र कम्पनीहरूले प्रस्ताव गरेका आयोजना जस्तै छन् वा भिन्न छन् ? के कुरा भिन्न छ ? समुदायमा कस्तो प्रकारका विकासहरू हुनुपर्छ भन्ने विषयमा भन्ने अधिकार कसको रहेको छ ?

३:००–३:१५ विश्राम

३:३०–४:३० पहिले र पछि गतिविधि

- सहभागीहरूलाई “पहिले” को चित्र देखाउनुहोस् । बिहान गरेको समुदायको स्रोत नक्साङ्कन गर्ने गतिविधिलाई सम्झिदै, सहभागीहरूलाई चित्रमा देखाइएको समुदायमा कस्तो प्रकारका स्रोत देख्नुहुन्छ भनेर सोध्नुहोस् । कस्तो प्रकारको जीविकोपार्जन देख्नुभयो ? तपाईंको विचारमा यो समुदायको जीवनको स्तर कस्तो होला ?
- त्यसपछि, “पछि” को चित्र देखाउनुहोस् र चित्रमा देखिएको कुरा व्याख्या गर्नका लागि सहभागीहरूलाई आग्रह गर्नुहोस् । यो चित्रमा कुन विकास आयोजना सञ्चालन भइरहेको देख्नुहुन्छ ?
- सहभागीहरूलाई महिला तथा पुरुष समूहमा विभाजित गर्नुहोस् । प्रत्येक समूहलाई उनीहरूको विचारमा आयोजनाले समुदायमा भएको स्रोतमा उनीहरूको पहुँच पुऱ्याउने क्षमतामा कस्तो असर पुऱ्यायो भनेर सोध्नुहोस् । महिला र पुरुष समूहलाई यसका बारेमा नदीको उपभोक्तको रूपमा आ–आफ्नो दृष्टिकोणबाट सोच्नका लागि आग्रह गर्नुहोस् । समूहलाई छलफलका लागि १५ मिनेटको समय दिनुहोस् ।
- दुवै समूहलाई प्रस्तुतिका लागि आग्रह गर्नुहोस् ।

“विकास” शब्दको धेरै अर्थ हुने कुरालाई व्याख्या गर्दै सत्रको अन्त्य गर्नुहोस् । विश्वमा धेरै समुदायहरू भएकाले विकासको अर्थलाई बुझ्ने पनि धेरै तरिकाहरू छन् । यी विभिन्न बुझाइहरू मानिसहरूको भिन्न भिन्न विश्वास, प्राथमिकता र आफ्नो भविष्यको परिकल्पनाबाट निर्माण हुन्छन् । ठूलो स्तरका विकास आयोजनाहरू प्राकृतिक स्रोतको सधैं बढिरहेको मागबाट निर्देशित हुन्छन् । प्रायः, यस्ता आयोजनाहरू “बृहत्तर हित” का नाममा सञ्चालन गरिन्छन् । यी आयोजनाहरूको मुख्य उद्देश्य भनेको “आर्थिक वृद्धि” हासिल गर्नु हो । विज्ञहरूले बताएअनुसार, यो वृद्धिले सबैलाई लाभ, विशेषगरी गरिब जनतालाई लाभ दिनुपर्छ । तर यस्ता आयोजनाहरूले मानिसहरूको जीवन तथा आफ्नो घर, स्वास्थ्य तथा जीविकाका लागि निर्भर हुनुपर्ने वातावरणमा ठूलो परिवर्तन ल्याउछन् । कहिलेकाहिँ यस्ता आयोजनाले लाभभन्दा बढी क्षति पुऱ्याउछन् । आगामी दिनहरूमा, हामी विकास आयोजनाले हाम्रो जलस्रोतमा ल्याउने परिवर्तन तथा हाम्रा स्रोतहरूलाई प्रभाव पार्ने निर्णयहरूमा हाम्रो सहभागिताको महत्वका बारेमा अझ धेरै कुराकानी गर्नेछौं ।[1]

1 ???

भाग ६

# जलसम्बन्धी पूर्वाधार आयोजनाहरूको प्रभाव तथा लाभ

उद्देश्यः

- सामुदायिक जलस्रोतसम्बन्धी पूर्वाधार आयोजनाहरूका सम्भावित प्रभाव तथा लाभका बारेमा सिक्ने,
- सरोकारवाला विश्लेषणका बारेमा सिक्ने,
- सरोकारवालाहरूको आधारभूत नक्साङ्कनका बारेमा सिक्ने,
- स्वतन्त्र, पूर्व तथा सुसूचित सहमतिका सिद्धान्तहरूको परिचय दिने,
- पैरवीको आधारभूत परिचय दिने,
- पैरवीका लागि सन्देशहरू कसरी बनाउने भनेर सिक्ने,
- पैरवीका सन्देशहरूलाई कसरी व्यक्त गर्ने भन्ने बारेमा अभ्यास गर्ने ।

सामग्री :

- बोर्ड
- मार्कर
- पोष्टर पेपर (टाँस्ने कागज)
- प्रोजेक्टर

९:००–१०:००

परिचय

यो सत्रका लागि, हामी स्थानीय जलस्रोतमा प्रभाव पार्ने पूर्वाधार आयोजनाहरूमा केन्द्रित हुनेछौँ । यदि सहभागीहरू सिंचाई वा जल डाइभर्सन वा जलविद्युत् जस्ता आफ्नो स्थानीय क्षेत्रको कुनै पूर्वाधार आयोजनासँग परिचित भएमा, सहजकर्ताले उक्त आयोजनालाई घटना अध्ययनका रूपमा प्रयोग गर्न सक्नेछन् । यदि नभएमा, सहजकर्ताले सहभागीहरूलाई उनीहरूको समुदायभन्दा केही तल्तिर रहेको नदीमा निर्माणको योजनामा रहेको ठूलो स्तरको जलविद्युत् आयोजनाका बारेमा कल्पना गर्न आग्रह गर्न आग्रह गर्नुपर्छ । बाँधयुक्त आयोजनाका भौतिक पक्षहरूका बारेमा सहभागीहरूलाई बुझाउनका लागि निम्नानुसारका स्रोतहरू प्रयोग गर्न सकिन्छ ।

- "बाँध कसले देखेको छ ?" भन्ने प्रश्नबाट शुरु गर्नुहोस् ।
- सहभागीहरूको कुनै प्रश्न भएमा सोको उत्तर दिँदै यी दुई भिडियो देखाउनुहोस् :

https://www.youtube.com/watch?v=q8HmRLCgDAI

https://www.youtube.com/watch?v=AAGvtpfB39U&feature=youtu.be,

■ Dameffects.org वेबसाइट खोल्नुहोस् र बाँधले नदीलाई कसरी असर पुऱ्याउँछ भनेर देखाउनका लागि उक्त वेबसाइटमा भएका कुराहरू देखाउनुहोस् । तटवर्तीय क्षेत्र, माछाका मार्ग, मनोरञ्जन, थेग्रान र भग्नावशेष बग्ने र नदीको जलप्रवाहसहितको नदीको प्राकृतिक पारिस्थितिकीय प्रणाली समावेश भएको परिभाषाका बारेमा व्याख्या गर्नुहोस् । त्यसपछि, एकदमै नराम्ररी सञ्चालन गरिएको बाँधको प्रभावका बारेका छलफल गर्नुहोस् । सहभागीहरूलाई उनीहरूले के कस्तो समस्या देखे भनेर सोध्नुहोस् र पारिस्थितिकीय प्रणालीका सबै पक्षहरूका बारेमा छलफल गर्नुहोस् । यसो गर्दा, यी प्रणालीहरूको प्राकृतिक अवस्थामा कस्तो परिवर्तन आएको छ भन्ने विषयमा विचार गर्नुहोस् । अब, राम्ररी सञ्चालन भएको बाँध र पारिस्थितिकी प्रणालीका सबै पक्षहरूको बारेमा कुराकानी गर्नुहोस् ।

१०:००–१०:३० छलफल

| सम्भावित लाभ | सम्भावित प्रभाव |
|---|---|
| • विद्युत् प्राप्त गर्नु | • नयाँ स्थानमा पुनर्वास |
| • रोजगारीका थप अवसर | • जीविका गुम्ने |
| • थप उद्योग धन्दा | • मत्स्यपालन गुम्ने |
| • थप व्यापार | • पानीको खस्किएको गुणस्तर |
| • बजारसम्मको पहुँच | • नदी किनारमा भएका बगैँचाहरू नासिने |
| • राजश्व आय | • कृषि भूमि गुम्ने |
| • राम्रो खानेपानीको आपूर्ति तथा सरसफाइ | • नदीमा आधारित यातायात गुम्ने |
| • नयाँ विद्यालय, क्लिनिक तथा घरहरू | • संस्कृति तथा सामाजिक भाइचारा गुम्ने |
| • सुधारिएको सडक | |

■ सहजकर्ताले एउटा ठूलो कागजलाई पट्याएर बाँध जस्तो बनाउने र सहभागीहरूले कार्यशालाको पहिलो दिने बनाएको नदीको चित्रमा नदीको वारपार हुने गरी टाँस्ने । सहभागीहरूलाई नदीमा बाँध बन्ने कुराको समाचार आफूलाई भर्खरै प्राप्त भएको कल्पना गर्न आग्रह गर्ने । बाँधको माथिल्लो भेगमा ठूलो जलाशय बन्ने जसका कारण नदीको माथिल्लो भेगमा बसोबास गर्ने समुदायको पुनर्वास हुने र बाँधभन्दा तल्तिर पानीको जलप्रवाह उल्लेखनीय मात्रामा घट्ने कुरा बताउने ।

■ सहभागीहरूलाई दुईवटा समूहमा विभाजन गर्ने : माथिल्लो भेग र तल्लो भेग । प्रत्येक समूहलाई बाँधभन्दा मास्तिरको भेगमा भएका समूदाय तथा बाँधभन्दा तल्तिर पर्ने समुदायहरूले प्राप्त गर्ने सम्भावित लाभ र उनीहरूलाई पर्ने सम्भावित प्रभावका बारेका छलफल गर्न आग्रह गर्नुहोस् । प्रत्येक समूहलाई छलफलका लागि २० मिनेटको समय दिनुहोस् ।

१०:४५–११:१ समूहको प्रस्तुति

■ प्रत्येक समूहलाई आफ्ना कुरा राख्नका लागि १० मिनेटको समय दिनुहोस् । सहभागीहरूले इच्छा देखाएमा, आफ्नो प्रस्तुतिमा चित्र राख्नका लागि पनि उनीहरूलाई आग्रह गर्नुहोस् ।

■ माथिल्लो भेगको प्रतिनिधित्व गर्ने तथा तल्लो भेगको प्रतिनिधित्व गर्ने दुवै समूहहरूले प्रस्तुति दिएपछि, सहजकर्ताले सम्भावित लाभ तथा प्रभावका बारेमा एउटा पोष्टर पेपरमा टिप्नु पर्दछ, उदाहरणका लागि :

■ लाभको सूचीमा रहेका प्रत्येक कुरा पढ्दै सोध्नुहोस् : यो लाभ कसले प्राप्त गर्छ ? आएको उत्तरलाई पेपरमा टिप्नुहोस् ।

■ प्रभावको सूची पढ्नुहोस् र सहभागीहरूलाई सोध्नुहोस्, यी प्रभावहरूबाट सबैभन्दा प्रभावित को हुन्छन् ? आएको उत्तरलाई पेपरमा टिप्नुहोस् ।

११:१५–१२:०० हिड्दै, बहस गर्दै

■ यो बाँधसम्बन्धी आयोजनाका लाभ र प्रभावबीचको सुन्तलनलाई प्रत्येक सहभागीले कसरी लिएका छन् भन्ने विषयमा छलफल अघि बढाउनुहोस् । प्रभावहरू घटाउन तथा लाभहरू

बढाउनका लागि गर्न सकिने केही छ भनेर सहभागीहरूलाई सोध्नुहोस् । के आयोजनाले प्रभावित समुदायहरूलाई थप वास्तविक लाभ प्रदान गर्न सक्छ ? वा हामी आयोजनालाई पूरै बन्द गर्नका लागि परिचालित हुनुपर्छ ?

- कोठाको एउटा भित्तामा "आयोजना बन्द गर" र अर्को विपरीत भित्तामा "आयोजना सुधार गर" लेखिएका कागजहरू टाँस्नुहोस् ।
- सबै सहभागीहरूलाई कोठाभित्र हिड्नका लागि आग्रह गर्नुहोस् र आफूलाई ठीक लागेको नाराको नजिकै गएर उभिन आग्रह गर्नुहोस् । उदाहरणका लागि, यदि कसैलाई आयोजना बन्द गरिनुपर्छ भनेर स्पष्टरूपमा लागेको छ भने, उनीहरू नारा लेखिएको कागजको सिधै तल उभिनु पर्ने हुन्छ । यदि कोही के गर्ने भन्ने कुरामा ढुक्क छैन तर प्रभावलाई न्यूनीकरण गरिनुपर्छ भन्ने दिशामा सोचिरहेको छ भने उक्त व्यक्ति कोठाको बीचतिर, तर अलिकति "आयोजना सुधार गर" तर्फ हुने गरी उभिनुपर्छ ।
- सबै सहभागीहरूले उभिनका लागि आ–आफ्नो स्थान तय गरेपछि, दुवैतर्फका एक एक जना सहभागीलाई तपाईं त्यहाँ गएर किन उभिनुभएको भनेर सोध्नुहोस् । त्यसपछि, कोठाको बीचतिर उभिएका सहभागीहरूको विचार तथा निर्णय लिनका लागि उनीहरूलाई थप कस्ता जानकारीको आवश्यकता पर्छ भनेर सोध्नुहोस् । सहजकर्ताले सहभागीहरूलाई प्रश्न सोध्दै गर्दा, सहभागीहरूले आफ्नो धारणा परिवर्तन भएमा वा सहभागी साथीको तर्क ठीक लागेमा आफू उभिएको स्थान परिवर्तन गर्न सक्ने कुरा बताउनुहोस् ।

१२:००–१:३० दिउँसोको खाना

१:३०–२:३० स्वतन्त्र, पूर्व तथा सुसूचित सहमति

समुदायहरूसँग आफ्नो जीविका तथा प्राकृतिक स्रोतका बारेमा निर्णय गर्ने नियन्त्रण तथा आफ्ना निर्णयहरूले स्रोतमा कसरी असर पुऱ्याउँछ भन्ने पूरा बुझाइ भएमा, समुदायले विवेकी निर्णय लिन खोज्छन् । तर जब विकाससम्बन्धी निर्णयहरू समुदायहरूलाई परामर्श नगरी लिइन्छ, सर्वसाधारणहरू प्रायः प्रक्रियाबाट छुट्छन् र गलत निर्णयको मूल्य उनीहरूले नै चुकाउनुपर्ने हुन्छ ।

स्वतन्त्र, पूर्व तथा सुसूचित सहमति स्थानीय जनतालाई विकास आयोजनाहरूसम्बन्धी निर्णय लिइदा औपचारिक भूमिका दिने एउटा खुड्किलो हो । यो जनजाति तथा स्थानीय समुदायको एक प्रकारको कानूनी संरक्षण हो । स्वतन्त्र, पूर्व तथा सुसूचितक सहमति जनजातिहरूको संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र र अन्य धेरै अन्तरराष्ट्रिय सम्झौताहरूको एक महत्वपूर्ण पक्ष पनि हो ।

स्वतन्त्र, पूर्व तथा सुसूचित सहमति भनेको के हो त ? यसको प्रत्येक शब्दका बारेमा सहभागीहरूसँग छलफल गर्नुहोस् ।

- यस सन्दर्भमा "स्वतन्त्र" भनेको के हो भनेर उनीहरूलाई सोध्नुहोस् । सारांशमा भन्नुहोस् : तपाईंले आफ्ना लागि वा आफ्नो परिवारभित्र वा समुदायमा बिनाकुनै बलजफती, जबरजस्ती वा धाकधम्की वा रिसवत निर्णय लिने क्षमता ।
- विकासको सन्दर्भमा "पूर्व" भनेको सहभागीहरूको विचारमा के हो भनेर सोध्नुहोस् । सारांशमा भन्नुहोस् : पूर्व भनेको अगाडि । कुनै पनि आयोजनाबाट प्रभावित हुने व्यक्तिहरूले आयोजना शुरु हुनुभन्दा अघि आफ्नो सहमति व्यक्त गर्नुपर्छ । यसको अर्थ, जनतालाई शुरुवाती चरणदेखि नै योजना प्रक्रियामा, आयोजनाका बारेमा कुराकानी गर्दादेखि नै सहभागी गराइनु पर्दछ । पूर्वको अर्थले आयोजना शुरु गर्नुभन्दा पहिले मात्रै नभएर आयोजनामा कुनै परिवर्तन वा विस्तार गर्नुभन्दा अघि पनि भन्ने जनाउँछ ।
- यो सन्दर्भमा "सुसूचित" भनेको सहभागीहरूको विचारमा के हो भनेर सोध्नुहोस् । सारांशमा भन्नुहोस् : सुसूचित अर्थ सबै महत्वपूर्ण तथ्य र जानकारीहरू सहभागी भएका सबैलाई स्पष्ट पारिएको र सबैले बुझेको भन्ने लाग्छ । यस्ता जानकारीमा सबैको पहुँचको सुनिश्चितता गर्नका लागि जानकारीलाई स्थानीय भाषामा अनुवाद गरिनुपर्छ । यस्ता जानकारीमा वातावरण, स्वास्थ्य र सामाजिक प्रभाव मूल्याङ्कन, आयोजनाको सम्भाव्यता योजना र क्षतिपूर्ति तथा पुनर्वासका शर्तहरू पर्दछन् ।

- यो सन्दर्भमा “सहमति” भनेको सहभागीहरूको विचारमा के हो भनेर सोध्नुहोस् । सारांशमा भन्नुहोस् : सहमति भनेको स्वीकृति दिनु वा अनुमोदन गर्नु हो । यसको अर्थ आयोजनाका प्रवर्द्धकहरूले सहमति दिनका लागि पैसा तिरेका नभई निर्णयका बारेमा सूचना सञ्चार गर्ने व्यक्तिहरू–समुदायहरूका आधिरकारिक प्रतिनिधिहरू– समुदायका वास्तविक अगुवाहरूले स्वीकृति दिनु भन्ने हो ।

सहजकर्ताले जनजातिका लागि स्वतन्त्र, पूर्व तथा सुसूचित सहमतिसम्बन्धी ८ मिनेटको भिडियो https://vimeo.com/66708050 पनि देखाउन सक्नेछन् । भिडियो अङ्ग्रेजी भाषामा भएकाले सहजकर्ताले भाषाको अनुवादका लागि भिडियो बीच बीचमा रोक्नुपर्ने पनि हुनसक्छ ।

अन्त्यमा, तलको कुरा भन्दै सारांश प्रस्तुत गर्नुहोस् :

स्वतन्त्र, पूर्व तथा सुसूचित सहमति एक अधिकार हो । आयोजना अघि बढ्नका लागि समुदायले आफ्नै परम्परागत सामूहिक निर्णय प्रक्रियाअनुरूप मिलेर निर्णय लिनुपर्ने हुन्छ । यदि यी निर्णय प्रक्रियाहरूमा समुदाय वा समुदायको कुनै अंशले आयोजनाको विरोध गरेमा, उक्त निर्णयको पनि सम्मान गरिनुपर्छ ।

द्वन्द्व भएमा, सहमति हुँदैन । प्रायः, कुनै आयोजनाको सन्दर्भमा समुदायको एउटा हिस्साले आयोजनाको समर्थन गर्दा अर्को हिस्साले त्यसको विरोध गरिरहेको हुनसक्छ । केही आयोजनाका प्रवर्द्धकहरूले समुदायलाई आयोजनाको पक्ष र विपक्षमा विभाजन गर्न प्रयास गर्न सक्छन् । यसले आयोजनाको बारेमा सामुहिक निर्णय लिने समुदायको क्षमतलाई कमजोर बनाउन तथा समुदायमा द्वन्द्व निम्त्याउन पनि सक्छ ।

आयोजनाबाट धेरै समुदायहरू प्रभावित हुने तर कुनै एक समुदायमा सबैभन्दा धेरै प्रभाव पर्ने पनि हुनसक्छ । यस्तो अवस्था आएमा, सबैभन्दा बढी प्रभावित हुने समुदायको आवाज पनि बलियो होस् भन्नका लागि अन्य समुदायहरूसँग साझा पद्धतिको विकास गर्नका लागि प्रयास गर्नु महत्वपूर्ण हुन्छ ।

सञ्चार, सहमति होइन । कुनै पनि आयोजनाको अनुगमन गरिरहँदा आयोजनाका प्रवर्द्धक तथा अधिकारीहरूसँग सञ्चार सम्पर्क, कुराकनी गर्नु पनि जरुरी हुन्छ । तर प्रवर्द्धकहरूसँग कुराकानी गर्नु भनेको तपाईं आयोजनाप्रति सहमत हुनुहुन्छ भन्ने होइन । तपाईंले त जानकारी सङ्कलन गर्नका लागि आफ्नो अधिकारको दाबी प्रयोग मात्रै गरिरहनुभएको हो ।

सुसूचित सहमति मात्रै वास्तविक सहमति हो । कुनै पनि निर्णयका कारण भविष्यमा पर्ने प्रभावका बारेमा सम्पूर्ण जानकारीविना हामीले निर्णय लियौँ भने, हामीले गलत निर्णय लिने सम्भावना बढी हुन्छ । विकास आयोजनाको हकमा, सकेसम्म धेरैभन्दा धेरै जानकारीविना कुनै पनि प्रकारका सहमति दिइनु हुँदैन । यो जानकारी समुदायले सजिलै प्राप्त गर्न सक्ने गरीको भाषा तथा तरिकाले उपलब्ध गराउने जिम्मेवारी आयोजनाको प्रवर्द्धकको हुन्छ ।

सहमति निरन्तर हुनुपर्छ । आयोजनाका प्रवर्द्धकहरूले आयोजनाको योजना निर्माणको शुरुवाती चरणहरूमा तथा आयोजनको प्रत्येक नयाँ चरणअघि समुदायको सहमति लिनुपर्छ । यसको अर्थ, यदि तपाईं आयोजनाको कुनै पक्षसँग पहिलो चरणमा सहमत हुनुहुन्छ भने प्रवर्द्धकले अर्को चरणमा पनि तपाईंको सहमति लिनुपर्दछ । यदि समुदायको पुनर्वास हुने सम्भावना अधिक छ भने, स्वतन्त्र, पूर्व तथा सुसूचित सहमतिका सिद्धान्तअनुरूप समुदायसँग शर्त र नियमहरूका बारेमा सौदाबाजी, सम्झौता गरिनुपर्छ ।

२:३०–३:३० पैरवी परिचय

अबको सत्रमा हामी जल शासनमा जनसहभागितामा केन्द्रित हुनेछौं भन्ने कुरा बताउनुहोस् । बिहानको बहसमा आधारित रहँदै र स्वतन्त्र, पूर्व तथा सुसूचित सहमतिका सिद्धान्तहरूलाई आत्मसात् गर्दै, आयोजना रोक्न वा आयोजनाका प्रभावहरूलाई न्यूनीकरण गर्न विशेष उपायहरू लिइनुपर्छ भन्नेमध्ये एक विषयमा सहमति जुटाउनका लागि सहभागीहरूसँग छलफल गर्नुहोस् ।

सबै पैरवीका प्रयास तथा अभियानका लागि “मुख्य” सन्देशको आवश्यकता पर्दछ । मुख्य सन्देशका प्रमुख पक्षहरू निम्न रहेका छन् :

| समस्या | कारण | समाधान |
|---|---|---|

समस्या :

- समस्या के हो ?
- समस्या कति गम्भीर छ/हुनसक्छ ?
- को प्रभावित हो/हुनसक्छ ?
- यो समस्यालाई सम्बोधन गरिएन भने के हुन्छ ?

कारण :

- उदाहरणका लागि, औद्योगिक विकासमार्फत देशको अर्थतन्त्रलाई माथि उठाउने वा हाम्रो देशमा विदेशी कम्पनीहरूलाई लगानी गर्न प्रोत्साहन गर्ने सकारी नीति हुनसक्छ ।
- यो नीति कहाँबाट आएको हो वा यसलाई कसले समर्थन गरिरहेको छ भनेर सोच्नुहोस् ।

समाधान :

- हामी के गर्न सक्छौं ? यसको समाधान हुन्छ भनेर जोड दिनु एकदमै महत्वपूर्ण हुन्छ । अन्यथा, तपाईंका समर्थकहरू कमजोर, निराश वा हतोत्साही भएको महसुस गर्न सक्छन् ।
- समर्थन जुटाउने तत्कालै गर्न सकिने केही "सजिला चरणहरू" प्रदर्शन गर्नुहोस् ।
- समाधानको हिस्सा बन्नुहोस्– तपाईं/तपाईंको समूह/तपाईंको अभियानले सहयोग गर्नका लागि के गरेको छ वा के गरिरहेको छ भनेर देखाउनुहोस् ।
- तात्कालीन समाधान/चरणहरू दीर्घकालीन समाधानको हिस्सा बन्न सक्छन् (दीर्घकालीन लक्ष्यसँग यसलाई जोड्नुहोस् ) ।

तपाईंका सन्देशहरूका लागि केही सुझाव

- सजिलै बुझ्न सक्ने बनाउनुहोस्– छोटो र स्पष्ट, बोलीचालीको भाषा प्रयोग गर्नुहोस् ।
- समस्यालाई एउटा स्वरूप दिनुहोस्– दर्शक श्रोताका ध्यान खिच्नका लागि परिस्थितिका पक्षहरूलाई प्रकाश पार्नुहोस् । सान्दर्भिक र उपयुक्त भएसम्म चित्र तथा बिम्बको प्रयोग गर्नुहोस् ।
- आफ्नो दर्शक श्रोता चिन्नुहोस्– उनीहरूलाई के थाहा छ ? तपाईं र तपाईंले चाहेको कुरासँग सहमत हुन उनीहरूलाई मनाउन सक्ने कुनै महत्वपूर्ण जानकारी छ ? उनीहरूका लागि कस्तो प्रकारका मूल्य तथा विश्वास महत्वपूर्ण हुन्छन् ? उनीहरूको आवश्यकता र प्राथमिकता के हो ? उनीहरूले भावनात्मक रूपमा कसरी प्रतिक्रिया जनाउँछन् ?

३:३०–३:४५ विश्राम

३:४५–४:३० पैरवी सन्देशसम्बन्धी प्रस्तुति

- सहभागीहरूलाई तीन समूहमा विभाजन गर्नुहोस्
- प्रत्येक सहभागीलाई आफ्नो पैरवी वक्तत्वका बारेमा ६० सेकेन्डको वक्तत्व तयार पार्नका लागि समूहलाई १५ मिनेटको समय दिनुहोस् । वक्तत्वको समय मिलाउनका लागि सहभागीहरूले आफ्नो फोनको प्रयोग गर्ने तथा वक्तत्वको समयावधि ६० सेकेन्डभन्दा माथि नहुने कुरा सुनिश्चित गर्न सहभागीहरूलाई सचेत गराउनुहोस् । यस्तो वक्तत्वलाई बलियो, सिधा तथा प्रेरक बनाउन आग्रह गर्नुहोस् ।
- प्रत्येक समूहलाई आफ्नो वक्तत्वको प्रस्तुति दिन आग्रह गर्नुहोस् ।
- सबै समूहको प्रस्तुतिपछि, प्रत्येक वक्तत्वलाई प्रखर र स्पष्ट बनाएका पक्षहरूलाई प्रकाश पार्दै प्रत्येक वक्तत्वको सबल पक्षका बारेमा छलफल गर्नुहोस् ।

भाग ७

# जल शासनका सरोकारवाला तथा सरोकारहरू

उद्देश्य:

- जलस्रोतसम्बन्धी पूर्वाधार आयोजनामा आफूले कसरी प्रभाव पार्न सकिन्छ भनेर सोच्नका लागि सहभागीहरूलाई सहयोग गर्ने,
- जल शासनका विभिन्न सरोकारवालाहरूको पहिचान गर्ने,
- शक्ति र प्रभावको लेखाजोखा गर्दै सरोकारवाला विश्लेषण गर्न सक्षम बन्ने,
- पैरवीको मुख्य सन्देशका सिद्धान्तहरू सिक्ने र पैरवीका लागि मुख्य सन्देशको विकासको अभ्यास गर्ने ।



सामग्री :

- बोड
- मार्कर
- सरोकारवाला विश्लेषण ढाँचा (पोष्टर पेपरमा पहिले नै बनाएर तयार पारिएको)
- पोष्टर पेपर (टाँस्न मिल्ने कागज)
- स्टिकी नोट (विभिन्न रङ्गका)
- कम्प्युटर
- प्रोजेक्टर

९:००–९:१५ कुनै सहभागीलाई कुनै खेल वा ऊर्जा जगाउने गतिविधि गर्नका लागि आग्रह गर्ने

९:१५–९:४५ छलफल : सरोकारवालासम्मको पहुँच

जलस्रोतको सुशासनको अर्थ अर्थपूर्ण जनसहभागिता तथा स्वतन्त्र, पूर्व र सुसूचित सहमतिका सिद्धान्तको पालना हो भन्ने कुरामा पुनः जोड दिनुहोस् । सहभागीहरूलाई उनीहरूले कहिले जननिर्वाचित प्रतिनिधि वा सरकारी निकायसँग आफ्नो समुदायको कुनै सरोकारको विषयका बारेमा कुरा उठाएका, नउठाएको बारेमा सोध्नुहोस् । यसको प्रक्रिया कस्तो थियो र के प्रतिफल चित्तबुझ्दे थियो ? सर्वसाधारणका अगाडि कुरा उठाउदा हाम्रो समुदायले सामना गर्नुपर्ने व्यवधानहरू के के हुन् ? हाम्रो प्रयासमा सहयोग गर्नका लागि हाम्रो समुदायसँग भएका स्रोतहरू के के हुन् ? सहभागीहरूलाई कार्यशालाको शुरुवाती चरणमा गरिएको समुदायको स्रोत नक्साङ्कन गतिविधिका बारेमा सोच्नका लागि प्रोत्साहन गर्नुहोस् ।

९:४५–१०:४५ गतिविधि : सरोकारवाला विश्लेषण

- हाम्रा जलस्रोतहरूलाई प्रभाव पार्ने विकाससम्बन्धी निर्णयहरूमा सहभागी हुनका लागि हामीलाई

हाम्रा जलस्रोतलाई प्रभाव पार्न सक्न गरी आयोजनाको योजना निर्माण कसले गरिरहेको छ भनेर जान्नु आवश्यक हुन्छ । यसले तपाईंको सहमति कसले लिनुपर्छ, र उनीहरूले तपाईंको सहमति लिन नसकेको खण्डमा हाम्रा परैवीका प्रयासको लक्ष्य को हुनुपर्छ भनेर पहिचान गर्न सहयोग पुग्छ ।

- सामूहिक छलफल : बोर्डमा निम्न कुराहरू शीर्षकका रूपमा लेख्नुहोस् : सामुदायिक समूह, स्थानीय सरकार, प्रदेश/सङ्घीय सरकार, कम्पनीहरू, बैंक तथा लगानीकर्ता । सामुदायिक समूहबाट शुरु गर्दै सहभागीहरूलाई यस शीर्षकअन्तर्गत कुन सरोकारवालाहरू समावेश हुन सक्छन् भनेर सोध्नुहोस् र त्यसको तल नाम लेख्नुहोस् । प्रत्येक शीर्षकमा यही प्रक्रिया दो होऱ्याउनुहोस् । सहभागीहरूलाई भन्न गाह्रो परेमा, एउटा कुनै सरोकारवालाको नाम लेखेर प्रश्नवाचक चिन्ह (?) राख्नुहोस् । तल केही उदाहरण दिइएका छन् ।

| सामुदायिक समूह | स्थानीय सरकार | प्रदेश/सङ्घीय सरकार | कम्पनीहरू | बैंक तथा लगानीकर्ता |
|---|---|---|---|---|
| स्थानीय माझी सङ्घ<br>स्थानीय जल उपभोक्ता समूह<br>स्थानीय आमा समूह | वडाध्यक्ष<br>नगर परिषद्<br>स्थानीय प्रदूषण नियन्त्रण विभाग | वातावरण संरक्षण निकाय<br>वन तथा वातावरण मन्त्रालय | चाइना डाटाङ्ग कर्पोरेशन<br>पावर चाइना<br>राष्ट्रिय जलविद्युत् कम्पनी | एसियन इन्टरनेशनल इन्फ्राष्ट्रक्चर बैंक<br>द इम्पोर्ट एक्पोर्ट बैंक अफ चाइना |

- निम्न रङ्गका स्टिकी नोटहरू सहभागीहरूलाई दिनुहोस् : हरियो, पहेँलो, रातो र निलो । सहभागीहरूलाई बोर्डमा आएर आफूले सम्पर्क कसरी गर्ने भनेर थाहा भएको र कुरा गर्न आफूलाई सजिलो हुने सरोकारवालाहरू लेखिएको स्थानमा हरियो रङ्गको नोट टाँस्न आग्रह गर्नुहोस् । त्यसपछि, अलिकति सहयोग पाएमा आफूले सम्पर्क गर्न सजिलो हुने सरोकार वालाहरू लेखिएको स्थानमा पहेँलो नोट टाँस्न आग्रह गर्नुहोस् । अन्त्यमा, आफूलाई कुराकानी गर्न एकदमै असजिलो लाग्ने र सम्पर्क गरेमा आफूलाई जोखिम हुनसक्ने जस्तो लाग्ने सरोकार वालाहरू लेखिएको स्थानमा रातो नोट टाँस्नका लागि आग्रह गर्नुहोस् ।
- आफूले विभिन्न रङ्गका नोटहरूले छानेको सरोकारवालामा किन त्यही रङ्गको स्टिकी नोट प्रयोग गरेको भनेर सहभागीहरूलाई सोध्नुहोस् । सहजकर्ताले निम्न प्रश्न गर्दै कुराकानी शुरु गराउन सक्नेछन् : "तपाईंले यो वर्ग/सरोकारवालाका लागि यही रङ्ग किन छान्नुभयो ?", यो व्यक्तिसँग सम्पर्क गर्न तपाईंलाई के कुराले सहज बनाउँछ ?", "यो समूहका व्यक्तिहरूसँग सम्पर्क गर्न तपाईंलाई कुन कुराले असहज बनाउछ ?" र " "यो समूहका व्यक्तिहरूसँग सम्पर्क गर्न तपाईंलाई कुन कुराले एकदमै असहज वा गाह्रो बनाउछ ?" सहभागीहरूले उत्तर दिएपछि सहजकर्ताले लैङ्गिकता, पेश वा जातियतासँग सम्बन्धित उत्तरमा भएका कुनै पनि भिन्नताहरू भेटेमा त्यसको टिपोट गर्नुपर्छ ।
- समग्र तालिकालाई हेर्दै सहभागीहरूले दिएका उत्तरका आधारमा सारांश प्रस्तुत गर्नुहोस् । समूहमा रहेका भिन्नताहरूमा विचार गर्नुहोस्, उदाहरणका लागि, के कुनै निश्चित प्रकार का सरोकारवालाहरूसँग सम्पर्क गर्नका लागि महिलाहरूभन्दा पुरुषहरूलाई सहज हुन्छ ? के सहभागीहरूलाई कुनै निश्चित पेशा वा सामाजिक आर्थिक पृष्ठभूमिका सरोकारवालाहरूसँग सम्पर्क गर्न अन्यभन्दा सहज हुन्छ ? कार्यशालामा हामीले पहिले सिकेको साझा शक्तिको अवधारणामा जोड दिँदै आयोजनाका सरोकारवालाहरूसँगको पहुँच बढाउनका लागि हामीले एक–अर्कालाई कसरी सहयोग गर्न सक्छौं भनेर सहभागीहरूलाई सोध्नुहोस् ।

१०:४५–११:०० विश्राम

११:००–१२:०० सहयोगीहरूको पहिचान

- आफ्नो जलस्रोतको शासनमा सहभागी हुने अवसर बढाउनका लागि सहयोग गर्न सक्ने कस्ता प्रकारका सहयोगीहरू हुनसक्छन् भनेर सहभागीहरूलाई सोध्नुहोस् । वातावरण मन्त्रालयको ध्यान खिच्नका लागि हामीलाई कसले सहयोग गर्न सक्छ ? एसियन इन्टरनेशनल इन्फ्राष्ट्रक्चर

बैंकका लागि पत्र लेख्न हामीलाई कसले सहयोग गर्न सक्छ ? यस्ता प्रकारका उपायहरू हुन सक्नेछन् : स्थानीय विद्यालयका शिक्षक, जननिर्वाचित प्रतिनिधिहरू, विद्यार्थी, विश्वविद्यालयका प्राध्यापक, पत्रकार, स्थानीय नागरिक संस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (सम्भव भएसम्म, नाम तोकेर सूची बनाउनुहोस्), स्थानीय व्यापारी, धार्मिक अगुवा, सार्वजनिक हितमा काम गर्ने वकिल, आदि ।

- सहभागीहरूलाई निलो स्टिकी नोटमा एक एक गरी आफ्नो विचार लेख्न र सरोकारवालाहरूसँग पहुँचका लागि सहयोग गर्न सक्ने सहयोगीको नाम सरोकारवाला लेखिएको नजिकै टाँस्न आग्रह गर्नुहोस् ।

१२:००–१:३० दिउँसोको खाना

१:३०–१:४५ पैरवीको परिचय

पैरवीका प्रयासले पैरवीले लक्षित गरेको समूहलाई जानकार बनाउने, दबाब दिने, सहमत गराउने र परिचालन गराउने प्रयास गर्दछ भनेर बताउनुहोस् ।

जलस्रोतको शासनमा अझ सबल सहभागिताका लागि तपाईंले गर्ने पैरवीका प्रयासहरूले दुई प्रकार का समूहहरूलाई लक्षित गरेको हुन्छ : निर्णयकर्ता वा परिवर्तन गर्ने वा रोक्ने औपचारिक वा अनौ पचारिक शक्ति र अधिकार भएका व्यक्तिहरू, र दबाब सिर्जना गर्नसक्ने व्यक्तिहरू वा निर्णयकर्ता वा दबाब सिर्जना गर्नसक्ने अन्य व्यक्तिहरूलाई प्रभावित गर्न सक्ने वा दबाब दिन सक्ने र सवालका बारेमा जनमत निर्माण गर्न सक्ने व्यक्तिहरू ।

१:४५–२:३० यथास्थिति गतिविधि

समाज परिवर्तनका लागि गरिने प्रयासहरूमा प्रायः व्याधान आउँछन् भन्ने कुरा बताउनुहोस् । विशेषगरी परिवर्तनबाट त्रसित हुने वा जनताको जीवनमा प्रभाव पार्ने निर्णयहरू गर्ने शक्ति भएकाहरूले आफूसित भएको शक्ति बाँड्न नखोज्दा यस्ता व्यवधानहरू आउने गर्छन् ।

प्रत्येक समूहका लागि एउटा पेपर उपलब्ध हुने गरी पोष्टर पेपरलाई हुने गरी दुई भाग (महल)मा विभाजन गर्नुहोस् : वर्तमान अवस्था यस्तै रहिरहोस् भनेर चाहानेहरू, र अवस्था परिवर्तन गर्न चाहानेहरू । सहभागीहरूलाई सोध्नुहोस् :

- यथास्थिति (वर्तमान अवस्था) यस्तै राख्न कसलाई मन छ ? यसबाट कसलाई फाइदा पुग्छ र कसरी ?
- यथास्थिति (वर्तमान अवस्था) बाट कसलाई क्षति पुगेको छ ? उनीहरूको सामाजिक हैसियत के हो ? उनीहरूले सामना गर्नुपरेको व्यवधानहरू के हुन् (उदाहरणका लागि निर्णयकर्तासँगको सीमित पहुँच, भाषाको कठिनाइ, औपचारिक शिक्षाको कमी, आदि) ?

समूहहरूलाई प्रस्तुति दिनका लागि आग्रह गर्नुहोस् र निम्न प्रश्नहरूउपर छलफल गर्नुहोस् ।

- तपाईंका पैरवीका प्रयासहरूबाट हुने परिवर्तनबाट कसलाई फाइदा पुग्छ ? कसरी ?
- तपाईंका पैरवीका प्रयासहरूबाट हुने परिवर्तनबाट कसलाई गाह्रो हुन्छ वा कसले समस्या निम्त्याउन सक्छ ? कसरी

२:३०–२:४५ विश्राम

२:४५–३:१५ निर्णयकर्ता तथा दबाब सिर्जना गर्ने व्यक्तिहरूको छलफल

बोर्डमा "लक्षित समूह", "निर्णयकर्ता" र "दबाब सिर्जना गर्ने व्यक्तिहरू" लेख्दै तिनीहरूको परिभाषा दिनुहोस् । पैरवीका प्रयासहरू दुई प्रकारका लक्षित समूहहरूमा केन्द्रित हुन्छन् भनेर बताउनुहोस् : निर्णयकर्ता वा परिवर्तन गर्ने वा रोक्ने औपचारिक वा अनौपचारिक शक्ति र अधिकार भएका व्यक्तिहरू, र दबाब सिर्जना गर्नसक्ने व्यक्तिहरू वा निर्णयकर्ता वा दबाब सिर्जना गर्नसक्ने अन्य व्यक्तिहरूलाई प्रभावित गर्न सक्ने वा दबाब दिन सक्ने र सवालका बारेमा जनमत निर्माण गर्न सक्ने व्यक्तिहरू ।

कुन "निर्णयकर्ता" र "दबाब सिर्जना गर्ने व्यक्तिहरू" छनौट गर्ने भन्ने विषयमा निर्णय लिनका लागि,

तपाईंले शक्ति कोसँग छ, कुन प्रक्रिया– औपचारिक वा अनौपचारिकबाट काम गर्ने, र समस्या कसरी समाधान हुन्छ भन्ने विषयमा कसको कुरा वा रुचि रहन्छ  भनेर सोच्नुहोस् । निम्न विषयमा सोच्नुहोस् :

निर्णयकर्ता :

- परिवर्तन गर्ने वा रोक्ने शक्ति कोसँग छ ? समस्या समाधान भयो वा उपेक्षा गरियो भनेर कसले निर्णय लिन्छ ?
- उनीहरूको कर्तव्य के हो ? उनीहरूलाई केका विषयमा उत्तरदायी बनाउन सकिन्छ ?
- तिनीहरूको शक्तिको स्रोत के हो ?
- तिनीहरूको सीमितता के हो ? तिनीहरूलाई के कुरादेखि डर लाग्छ ?

औपचारिक तथा अनौपचारिक संरचना

- सान्दर्भिक हुन आउने निर्णय लिने निकायहरू कुन कुन हुन् ? सरकारका निकाय, मन्त्रालय वा विभाग, समिति, परिषद्, बोर्ड, शेयरधनीहरू आदिका बारेमा सोच्नुहोस् ।
- तिनीहरू कसरी संगठित भएका छन् ? विभिन्न निकायहरूबीचको सम्बन्ध के हो ? विभन्न तहहरूबीचको सम्बन्ध के हो ?

निर्णय प्रक्रिया

- कुनै पनि सवाल समस्या समाधान गर्नुपर्ने विषय कसरी बन्छ ?
- समाधानका बारेमा विचार, तिनको छनौट तथा कार्यान्वयन कसरी गरिन्छ ? यसको प्रक्रिया के हो ?
- जनसहभागिताका लागि कुनै अवसर छने ? वैकल्पिक समाधानका बारेमा निर्णय लिइदा के निर्णयकर्ताहरूले नागरिक समाजसँग परामर्श गर्छ ? यदि गर्छ भने, प्रक्रियाको कुन चरणमा ? कस्तो संयन्त्रमार्फत ? के यस्ता परामर्शहरूले निर्णयमा प्रभाव पार्छन् ? यस पार्छन भने, कसरी ?
- यस्ता संयन्त्रसम्मको पहुँच कोसँग रहेको छ ? कस्ता प्रकारका आवाजहरू खोजिन्छन् ? प्रतिनिधित्व हुन्छन् ? सुनिन्छन् ? महत्व दिइन्छन् ?

३:१५–४:००

सरोकारवालाको नक्साङ्कन

तल दिइएको चित्र पोष्टर पेपरमा बनाउनुहोस् र बोर्डमा टाँस्नुहोस् । चित्रलाई व्याख्या गर्नुहोस् र अघिल्लो छलफलमा आधारित रहँदै उनीहरूलाई विभिन्न सरोकारवालाहरूको बारेमा सोच्नका लागि आग्रह गर्नुहोस् । निर्णयकर्ता वा दबाब सिर्जना गर्नसक्ने व्यक्तिहरूमा केन्द्रित रहनुहोस् । जति धेरै जनाको सकिन्छ त्यति नै बढी व्यक्तिको सूची बनाउनुहोस् । सरकारी निकाय, निजी क्षेत्र, लगानीकर्ता, अनुसन्धानकर्ता, मिडिया, आदिका बारेमा सोच्नुहोस् ।

सहभागीहरूलाई निर्णयकर्तालाई शक्ति विश्लेषण तालिकामा राख्नका लागि अनुरोध गर्नुहोस् । यसरी राख्दा शक्तिको तुलनात्मक स्तर र तपाईंको पैरवीको लक्ष्यमा सहयोग गर्नका लागि उनीहरूलाई प्रभावित पार्न सक्ने तपाईंको क्षमताका आधारमा राख्नुपर्छ । त्यसपछि, सहभागीहरूलाई दबाबकर्ता वा परिवर्तन गराउन सक्नेहरूलाई तिनीहरूले दबाब दिनसक्ने निर्णयकर्ताको नजिकै राख्नका लागि अनुरोध गर्नुहोस् । यो काम सकिएपछि, सहभागीहरले आफूले टाँसेको स्टिकी नोट त्यहाँ किन टाँसेको भनी सोध्दै सरोकारवालाहरूको विषयमा एक एक गरी छलफल गर्नुहोस् ।

४:००–४:३०

स्रोत अधिकार पैरवी चलचित्र (रिसोर्स राइट्स एड्भकेसी फिल्म)

आफ्नो जीविकामा असर पुर्‍याउने स्रोत शासनका सवालमा सहभागिताका लागि पैरवी गर्ने समुदायका प्रयासहरू देखाइएको चलचित्र देखाउनुहोस् । चलचित्रमा देखाइएका समुदायहरूले प्रयोग गरेका रणनीतिहरू, उनीहरूको सफलता तथा उनीहरूले सामना गर्नुपरेका चुनौतीहरू, र सहभागीहरूले आफ्नो समुदायमा सामना गरिरहेका सवालहरूसँग यी कति मिल्दोजुल्दो वा फरक छन् भनेर छलफल गर्नुहोस् ।

भाग ८

# स्थलगत भ्रमणको तयारी : समुदायले नेतृत्व गर्ने अनुसन्धान सीपहरू

समुदायले नेतृत्व गर्ने अनुसन्धान कुनै पनि समस्याको पहिचान गर्न, यसको मूल कारणका बारेमा साझा विश्लेषण तयार गर्न तथा समाधान प्रस्ताव गर्नका लागि समुदायका व्यक्तिहरू आफ्नै स्थानीय ज्ञानमा निर्भर रहन सक्ने प्रक्रिया हो । यस प्रक्रियामार्फत, समुदायहरूले आफ्नो जीविकाका लागि उपयुक्त हुने तथा आफ्ना जलस्रोतहरूलाई संरक्षण गर्ने विकास प्रथामिकताहरूलाई पहिचान गर्ने शक्तिलाई पुनः हासिल गर्न सक्छन् ।

समुदायले नेतृत्व गर्ने अनुसन्धान समुदायले चाहेको विकासको प्रारूपका लागि साधन र साध्य दुवै हुनसक्छ– यो शक्तिको बाँडफाँड हुने र सबैका कुरा सुनिने प्रक्रिया हो । नदीका उपभोक्ताहरू आफ्नो स्थानीय ज्ञानका आधारमा नदीको पारिस्थिकीमा आउने परिवर्तनका बारेमा कुराकानी गर्नका लागि दौतरीका रूपमा भेट्दा, उनीहरूले निर्णयकर्ता तथा योजनाकर्ताहरूलाई थाहा नभएका महत्वपूर्ण कुराहरू पत्ता लगाउछन् । यस प्रक्रियाले समुदायलाई उनीहरूले सामना गर्ने समस्याहरूको बारेमा अझ राम्ररी बुझ्न तथा आफ्नो ज्ञानका बारेमा आत्मबल विकास गर्न सहयोग पुग्छ ।

यो भाग र सँगै हुने स्थलगत भ्रमण सहभागीहरूलाई नदीका उपभोक्ताहरूको बृहत्तर दृष्टिकोणबाट समस्याहरूका बारेमा सोच्ने अनुभव उपलब्ध गराउनका लागि विकास गरिएको हो । अन्तर्वार्ताका लागि प्रश्नहरूको तर्जुमा र गहन तथा आलोचनात्मक सुनाइले सहभागीहरूलाई नदीको संरक्षणका लागि संयुक्त पैरवीमा सहभागी हुनका लागि आवश्यक पर्ने ऐक्यबद्धता तथा उत्तरदायित्वको साझा समझ विकास गर्नका लागि सहयोग गर्छ ।

उद्देश्यः

- समुदायले नेतृत्व गर्ने अनुसन्धानका बारेमा आधारभूत विषयहरू सिक्ने,
- विभिन्न स्थानीय नदी उपभोक्ताहरूलाई कसरी सम्पर्क गर्ने र जलस्रोत तथा नदीका उपभोक्ताहरूको जीविकामा आउने परिवर्तनका बारेमा जानकारीहरू कसरी खोज्ने भनेर सिक्ने,
- जलस्रोतको शासनका सामुदायिक सहभागिताका लागि प्रश्न कसरी तयार पार्ने भन्ने बारेमा सिक्ने
- कुनै पनि अवस्थाको संवेदनशीलताको लेखाजोखा कसरी गर्ने र त्यसअनुरूप कसरी व्यवहार गर्ने भनेर सिक्ने
- जलस्रोतको शासन तथा नदीको संरक्षणका विषयमा उस्तै चुनौतीहरूको सामना गरिरहेका समुदायहरूसँग ऐक्यबद्धता निर्माण गर्ने

सामग्री :

- बोर्ड
- पोष्टर पेपर
- कम्प्युटर
- प्रोजेक्टर
- भिडियो
- समाचारका क्लिपहरू
- पत्रिकाका लेखहरू
- भ्रमणमा जाने समुदायको फोटो र/वा नक्सा

९:००–९:३०

सहभागीहरूलाई स्थलगत भ्रमणको लक्ष्यका बारेमा बताउनुहोस् ।

- नदीको तल्लो तथा माथिल्लो भेगमा रहेका समुदायका व्यक्तिहरूको जीवनमा जलस्रोत शासनसम्बन्धी सवालहरू कसरी प्रभाव पारेको छ भनेर बुझ्नका लागि तरिकाहरू तर्जुमा गर्ने
- जल शासनमा सहभागी हुनका लागि निर्णयकर्ताहरूसँग सहभागी हुन समुदायले कस्तो प्रयास गरेको छ भनेर सिक्ने ।
- आफ्नो जलस्रोतको शासनमा सहभागी हुने प्रयासका समुदायले सामना गरेका चुनौतीहरू पहिचान गर्ने तथा उनीहरूले ती चुनौतीको सम्बोधन कसरी गरे भनेर सिक्ने
- सिकिएका कुराहरूलाई आफ्नो समुदायमा लागू गर्ने
- नदी उपभोक्तका रुपमा जलस्रोतको शासनमा सहभागी हुन र साझा जलस्रोतको संरक्षणका लागि एक अर्कालाई सहयोग गर्ने तरिकाहरूका बारेमा सोच्ने ।

९:३०–१०:३०

समुदायको परिचय

स्थलगत भ्रमण आयोजना गर्नका लागि, कार्यशालाका आयोजक टोलीले जलविद्युत् आयोजना वा सिंचाईको बाँध, जल डाइभर्सन आयोजना, नदी किनारा बाँध्ने काम वा नदीसम्मको पहुँचलाई सीमित बनाउने वा नदीको जलप्रवाह परिवर्तन गर्ने र/पानीको गुणस्तर खस्काउने खानी वा औद्योगिक गतिविधि जस्ता विकास आयोजनाबाट निम्तिएको जल शासनसम्बन्धी सवालको अनुभव गरेका वा गरिरहेका नजिकैको समुदायको छनौट गर्नका लागि पहिले नै काम गरेको हुनुपर्दछ ।

स्थलगत भ्रमण क्षेत्र र समुदायले सामना गरिरहेको जलस्रोत शासनका सवालहरूको परिचय दिनुहोस् । समुदायका बारेमा तपाईंसँग भएका कुनै पनि भिडियो, समाचारका क्लिप, समाचार, फोटो, नक्सा, वा अन्य जानकारीहरू भए सहभागीहरूलाई बताउनुहोस् र प्रश्न सोध्न तथा छफलका लागि प्रशस्त समय उपलब्ध गराउनुहोस् ।

१०:३०–११:००

स्थलगत भ्रमणको तयारी

सहभागीहरूलाई जोडी जोडीमा विभाजित हुन र समुदायले सामना गरिरहेको सवालहरूलाई बुझ्नका लागि उनीहरूको विचारमा गर्नुपर्ने तयारीका विषयमा छलफल गर्न आग्रह गर्नुहोस् । प्रत्येक जोडीलाई छलफलका लागि १० मिनेटको समय दिनुहोस् । त्यसपछि, उनीहरूलाई प्रस्तुति दिनका लागि आग्रह गर्नुहोस्, र उनीहरूको विचारलाई बोर्डमा लेख्नुहोस् । यी कुराहरूमा तल दिएको विषयहरू समावेश हुनुपर्छ :

- समुदायको पृष्ठभूमि तथा उनीहरूले आफ्नो जीविका परम्परागत रूपमा कसरी चलाउँदै आएका छन् भन्ने बारेका सिक्ने
- आयोजनाले उनीहरूको जलस्रोतलाई कसरी प्रभाव पार्छ भनेर उनीहरूले शुरुमा कसरी थाहा पाए ?
- आयोजनाले उनीहरूको समुदायमा ल्याएको परिवर्तन के के हुन् ? सकारात्मक र नकारात्मक दुवै ।
- यी परिवर्तनहरूप्रति समुदायका विभिन्न व्यक्तिहरूले कस्तो प्रतिक्रिया व्यक्त गरे ?
- समुदायले सामना गरेको कुनै चुनौती वा जोखिम ?
- यस्तै समस्या भागिरहेका अन्य समुदायहरूलाई उनीहरू के सुझाव दिन चाहन्छन् ?

११:००–११:१५

विश्राम

११:१५–१२:००

अन्तर्वार्ताका लागि प्रश्नहरू तर्जुमासम्बन्धी परिचयात्मक सत्र

सहभागीहरूलाई स्थलगत भ्रमणको दौरान समुदायका मानिसहरूसँग सोध्ने प्रश्नावली तर्जुमा गर्नका लागि साना समूहरूमा विभाजित हुने कुरा बताउनुहोस् । अन्तर्वार्ताको क्रममा कस्ता प्रकारका प्रश्नहरू सोध्नु राम्रो हुन्छ भनेर सहभागीहरूलाई सोध्नुहोस् । निम्नानुसारका उत्तरहरू आउन सक्छन् :

- सामान्य खुला प्रश्नहरू सोध्ने : को ? के ? कहाँ ? कहिले ? किन ? कसरी? के भयो भनेर बताइदिनु हुन्छ कि ?

- निरन्तरतका लागि प्रश्न सोध्ने : अलिकति थप कुरा बताउन मिल्छ होला ? यसका बारेमा अझै बताउन मिल्छ ?
- अत्यावश्यक नभएसम्म हो वा होइन उत्तर आउने प्रश्न नसोध्नुहोस् ।
- निश्चित कुरातर्फ डोऱ्याउने प्रश्नहरू नसोध्नुहोस् । जस्तै, "बाँधले तपाईंको जीविकालाई कसरी क्षति पुऱ्यायो" भन्ने प्रश्नलाई यसरी सोधिनुपर्छ : "के बाँधले तपाईंको जीविकामा कुनै क्षति पुऱ्याएको थियो ?"
- एकपटकमा एउटा मात्रै प्रश्न सोध्नुहोस् । "यो कहिले र कसरी भयो ?" भनेर नसोध्नुहोस् ।
- प्राथमिक जानकारी खोतल्नुहोस् : तपाईंले कसरी थाहा पाउनुभयो ?
- समयसीमा बनाउनुहोस् : पहिले के भयो ? त्यसपछि के भयो ? त्यसपछि के भयो ? त्यसपछि के भयो ? अनि के भयो ?

सहभागीहरूलाई अनुसन्धानका समूहमा विभाजन । बोर्डमा ३–५ प्रकारका जल उपभोक्तका नाम लेख्नुहोस् । उदाहरणका लागि महिला, माझी, समुदायका अगुवा, युवा, कृषक, आदि । सहभागीहरूलाई सबैभन्दा रुचि लागेका समूहको तल आफ्नो नाम लेख्न आग्रह गर्नुहोस् ।

१२:००–१:३० दिउँसो खाना

१:३०–३:०० अन्तर्वार्ताका प्रश्नावलीको तर्जुमा

सहभागीका समूहहरूलाई उनीहरूले भेट्ने समुदायका व्यक्तिहरूलाई सोध्न मनलागेको प्रश्नावली बनाउनका लागि आपसमा सहकार्य गर्न आग्रह गर्नुहोस् । प्रश्नावली बनाउने समूह कार्यका लागि ३० मिनेटको समय दिनुहोस् ।

प्रत्येक समूहलाई प्रस्तुति दिन आग्रह गर्नुहोस् । प्रत्येक समूहले प्रस्तुत गरेको प्रश्नावलीमा प्रतिक्रिया, राय, टिप्पणीका लागि अन्य सहभागीहरूलाई आग्रह गर्दै प्रश्नावलीलाई अझ राम्रो कसरी बनाउन सकिन्छ भन्ने विषयमा उनीहरूको राय लिनुहोस् । प्रश्नहरू खुला (Open-ended) हुनुपर्ने र निश्चित कुरातर्फ डोऱ्याउने हुनु नहुने कुरा सुनिश्चित गर्नुहोस् । यसका लागि प्रायः अलिकति अभ्यासको आवश्यकता पर्दछ ।

३:००–३:१५ विश्राम

३:१५–३:३० सहमति प्रक्रिया

जल शासनसम्बन्धी विषयहरू संवेदनशील हुने भएकाले समुदायका व्यक्तिहरूसँग कुराकानी गर्नुअघि उनीहरूको सहमति लिनु जरुरी हुने कुरा बताउनुहोस् । सहभागीहरूसँग मिलेर "सुसूचित सहमति"को परिभाषा दिनुहोस् । यो किन जरुरी छ ? सुसूचित सहमति नलिई अन्तर्वार्ता लिने काम किन अनैतिक हो ?

सुसूचित सहमति कसरी लिने ?

१) आफ्नो परिचय दिनुहोस् र तपाईंका कामको उद्देश्यका बारेमा बताउनुहोस् । तपाईं यस सवालमा कुरा गर्न किन इच्छुक हुनुहुन्छ भनेर बताउनुहोस् ।
२) अन्तर्वार्ता दिने व्यक्तिले बिनाकुनै दबाब उत्तर दिनका लागि आफैँले निर्णय लिन दिनुहोस् र उत्तर कहाँ बसेर दिन सजिलो हुन्छ भनेर सोध्नुहोस् ।
३) फोन रेकर्डरमा रेकर्ड गरेर वा लेखेर उत्तरदाताले दिएको उत्तरको अभिलेख राख्नका लागि उत्तर दाताको अनुमति लिनुहोस् । उनीहरूले यसो गर्नका लागि नमान्न पनि सक्छन् भन्ने कुरा स्पष्ट पार्नुहोस् । यदि उनीहरू सहमत भएमा, उनीहरू नाम उल्लेख नगरी बोल्ने इच्छा राख्छन् कि भनेर सोध्नुहोस् ।
४) सहमतिविना मानिसहरूको फोटो नखिच्नुहोस् ।

३:३०–४:०० अन्तर्वार्ताका पक्षहरू

निम्नानुसारका अन्तर्वार्ताका पक्षहरूका बारेमा छलफल गर्नुहोस् :

- आफ्नो परिचय दिनुहोस् र तपाईंका कामको उद्देश्यका बारेमा बताउनुहोस्
- गोपनीयतका विषयमा छलफल गर्नुहोस्
- उत्तरदातको सहमति लिनुहोस् र उत्तरदाताले आफ्नो नाम, परिचय गोप्य राख्न चाहे, नचाहेको स्पष्ट पार्नुहोस्
- अन्तर्वार्ताका लागि तयार पारिएका प्रश्नहरू सोध्नुहोस्
- उत्तरदातालाई छलफललाई अगाडि बढाउन/नेतृत्व गर्न दिनुहोस्
- ध्यान दिएर सुन्नुहोस्
- उत्तरदाता सहमत भएमा उत्तरहरू लेख्नुहोस् वा रेकर्ड गर्नुहोस् ।
- उत्तरदातासँग कुनै प्रश्न भएमा सोध्न आग्रह गर्नुहोस् ।
- उत्तरदातासँग अन्तर्वार्ता लिनका लागि अन्य व्यक्तिको सम्पर्क विवरण सोध्नुहोस्
- उत्तरदाताले उलब्ध गराएको समयका लागि धन्यवाद दिनुहोस्

जलस्रोतको शासनसम्बन्धी सवालहरूले समुदायको जीविकामा ठूलो असर पुऱ्याउन सक्छ र उनीहरूको अधिकारको अधिकारको उल्लङ्घन पनि गर्न सक्छ । यसले संवेदनशीलता तथा आघात पनि निम्त्याउन सक्छ । अन्तर्वार्ताका दौरान संवेदनशील विषयमा छलफल गर्न तरिकाका बारेमा छलफल गर्नुहोस् :

- उत्तरदातालाई दुखित बनाउने प्रयास नगर्नुहोस् र आवश्यक भएमा विश्राम लिनुहोस् ।
- आपसमा विश्वास विकास नहुँदासम्म सम्भावित संवेदनशील विषयको उठान नगर्नुहोस् ।
- पीडादायी घटनालाई सम्झिन दबाब नदिनुहोस् ।
- समूहको गतिशिलतका बारेमा सचेत हुनुहोस् र सकेसम्म उत्तरदातासँग एक्लै बसेर अन्तर्वार्ता लिनुहोस् ।
- पुरुष अनुसन्धानकर्ताले महिला उत्तरदातासँग एक्लै बसेर अन्तर्वार्ता लिन उपयुक्त नहुन सक्छ । यो स्थानीय संस्कृतिमा निर्भर हुन्छ । यस्तो अवस्थामा, महिलाले नै महिला उत्तरदाताको अन्तर्वार्ता लिइनुपर्छ वा महिला अनुसन्धानकर्ता वा सहजकर्ताको उपस्थितिमा अन्तर्वार्ता लिइनुपर्छ ।
- अभिभावकको अनुमतिविना बालबालिकाको अन्तर्वार्ता वा तस्वीर नलिनुहोस् ।
- बालबालिका सँगै भएको बेलामा वयस्कहरूसँग निराश बनाउन सक्ने विषयका बारेमा छलफल नगर्नुहोस् ।
- यौन दुर्व्यवहारबाट प्रभावित महिलाहरूको अन्तर्वार्ता पुरुषहरूले कहिल्यै लिनु हुँदैन ।

४:००–४:३०

अन्तर्वार्ताका अभ्यास

- सहभागीहरूलाई दुईवटा समूहमा विभाजन गर्नुहोस् : नराम्रो अन्तर्वार्ता समूह र राम्रो अन्तर्वार्ता समूह । प्रत्येक समूहलाई एक जना अन्तर्वार्ता लिने र एक जना अन्तर्वार्ता दिने व्यक्ति छनौट गर्न आग्रह गर्नुहोस् । प्रत्येक समूहलाई नमूना अन्तर्वार्ताको विकास गर्न १५ मिनेटको समय दिनुहोस् ।
- नराम्रो अन्तर्वार्ता समूहलाई आफ्नो नमूना अन्तर्वार्ता सबैका अगाडि गरेर देखाउन आग्रह गर्नुहोस् । अन्तर्वार्ता लिने व्यक्तिको अनुपयुक्त विधिले केही हँस्सीमजाकको वातावरण बनाउछ । अन्तर्वार्तापछि, अन्तर्वार्ता लिने व्यक्तिले गरेका गलत कुराहरू पहिचान गर्न आग्रह गर्नुहोस् । अन्तर्वार्ता लिने व्यक्तिका कारण आफूले कसरी नराम्रो लाग्यो भनेर उत्तरदातालाई सोध्नुहोस् । के सुधार गर्न सकिन्छ भनेर सहभागीहरूलाई सोध्नुहोस ।
- राम्रो अन्तर्वार्ता समूहलाई पनि आफ्नो नमूना अन्तर्वार्ता सबैका अगाडि गरेर देखाउन आग्रह गर्नुहोस् । उनीहरूले के कुरा सही गरे ? यसले अन्तर्वार्ताबाट राम्रा जानकारी प्राप्त गर्न कसरी सहयोग गऱ्यो ? उत्तरदातालाई अन्तर्वार्ताको दौरान कस्तो महसुस भयो भनेर सोध्नुहोस् । अन्तर्वार्तालाई सुधार गर्नका लागि गर्न सकिने थप कुराहरू छन् ?

अन्त्यमा, यात्रा, खाना तथा आवास जस्ता स्थलगत भ्रमणको व्यवस्थापनका बारेमा छलफल गर्नुहोस् । यदि सहभागीहरूले जातिय अल्पसङ्ख्यक वा जनजाति समुदायलाई भेट्दै छन् भने, स्थानीय रीतिरिवाज, सांस्कृतिक रूपमा संवेदनशील विषय तथा उपयुक्त आदर सत्कारका विधिका बारेमा थप जानकारी लिनका लागि उक्त समुदायको कोही एक जना व्यक्तिलाई बोलाएर छलफल गर्न केही बढी समय लिन सकिन्छ ।

भाग ९

# जलस्रोत शासन स्थलगत भ्रमण

उद्देश्य:

- छिमेकी समुदायका नदी उपभोक्ताहरूको दृष्टिकोणबाट जलस्रोत शासनका सवालहरूको बारेमा सिक्ने ।
- योजना तर्जुमा र विकासका प्रक्रियामा सहभागी हुन समुदायले कसरी निर्णयकर्ताहरूसँग मिलेर कार्य गर्ने प्रयास गरेका छन् भन्ने थाहा पाउने ।
- आयोजनाको विभिन्न चरणहरूमा स्वतन्त्र, पूर्व र सुसूचित सहमतिका सिद्धान्तहरूलाई कायम राखिएको छ कि छैन भनेर मूल्याङ्कन गर्ने ।
- समुदायले आफ्नो जलस्रोतसम्बन्धी शासनमा सहभागी हुन गरेका प्रयासमा सामना गरेका चुनौतीहरू र उनीहरूले ती चुनौतीहरूलाई कसरी सम्बोधन गरे भन्ने कुरा पहिचान गर्ने ।
- सहभागीहरूले आफ्नै समुदायमा सामना गरिरहेका समस्याहरूबाट सिकेका पाठहरू व्यवहारमा लागू गर्ने ।
- जलस्रोत शासन र नदी संरक्षणको सम्बन्धमा एकै प्रकारका चुनौतीहरूको सामना गरिरहेका समुदायहरूसँग ऐक्यबद्धता विकास गर्ने ।

सामग्रीहरू:

- नोटबुक
- पेन
- क्यामेरा भएका मोबाइल फोन तथा रेकर्डिङ गर्ने उपकरण
- समुदायका लागि उपहार वा चन्दा

स्थलगत भ्रमणको नमुना ढाँचा :

१. समूह बैठक गर्नका लागि उपयुक्त सामुदायिक स्थल चयन गर्न समुदायसँग मिलेर काम गर्नुहोस् । समूह भेला भइसकेपछि परिचय आदानप्रदानबाट सुरु गर्नुहोस् । आयोजकलाई धन्यवाद दिँदै समुदायका अगुवा र अग्रजहरूलाई समूहलाई औपचारिक सम्बोधन गर्न र समुदायको बारेमा केही पृष्ठभूमि जानकारी प्रदान गर्न अनुरोध गर्नुहोस् । प्रश्न र उत्तरहरूको लागि समय दिनुहोस् ।

२. अघिल्लो दिन बनाइएका अनुसन्धान समूहहरूमा आधारित रहँदै सहभागीलाई ससाना समूहहरूमा विभाजन गर्नुहोस् : महिला समूह, माछा मार्नेहरूको समूह, सामुदायिक अगुवाहरूको समूह, युवा समूह, किसान समूह, आदि । ससाना समूह अन्तर्वार्ता र छलफलहरूको लागि प्रशस्त समय दिनुहोस् ।

३. समुदायसँग लन्च गर्नुहोस् ।

४. लन्चपछि, समूहलाई सो क्षेत्रको पैदल भ्रमण गराउँदै स्थानीय जलमार्ग, खेतबारी, बगैंचा, माछा मार्ने क्षेत्र र जलस्रो तसम्मको पहुँचलाई असर गर्ने कुनै पनि विकासका कार्य देखाउन समुदायका प्रतिनिधिहरूलाई आग्रह गर्नुहोस् ।

५. समय पुग्छ भने समुदायका सदस्यहरूलाई प्रत्यक्ष भेटेर अन्तर्वार्ता लिन वा जोडामा रहेर काम गर्न सहभागीहरूलाई अवसर प्रदान गर्नुहोस् ।

६. दिनको भ्रमणका लागि, आयोजकहरूलाई धन्यवाद दिन र स्थानीय विद्यालयलाई सानो उपहार, चन्दा प्रदान गर्न सामुदायिक बैठक स्थलमा पुनः भेला हुनुहोस् ।

७. समूहको प्रतिनिधित्व गर्दै नदी उपभोक्ताको रूपमा ऐक्यबद्धताको भावना व्यक्त गर्ने मनतव्य दिन कुनै एकजना सहभागीलाई बोलाउनुहोस् । तपाईंले निज प्रतिनिधिलाई यसको तयारीमा सहयोग गर्न मन्तव्य समयभन्दा पहिले मिलेर काम गर्न सक्नुहुन्छ ।

८. रातको भ्रमणका लागि, सामूहिक रात्रिभोज र गीत तथा नृत्य, मनतव्य भाषण आदिको माध्यमबाट सांस्कृतिक आद( ानप्रदानको कार्यक्रम र आयोजकहरूको लागि सानो धन्यवाद समारोहको प्रबन्ध गर्न, साथै भोलिपल्ट बिहान निस्कनु अघि उपहार र चन्दाहरू प्रदान गर्ने अवसर मिलाउन समुदायसँग मिलेर काम गर्नुहोस् ।

स्थलगत भ्रमणको आयोजनामा ध्यान दिनुपर्ने कुराहरू :

- स्थलगत भ्रमणका लागि पहिले नै धेरै योजना र तयारी गर्नुपर्ने हुन्छ । भ्रमणको समयभन्दा पहिले स्थानीय अगुवाहरूसँग भेट गर्न, भ्रमणको सिकाइ उद्देश्यहरू स्पष्ट गर्न, र यात्राको समयमा चाहिने बन्दोबस्ती सामग्रीको व्यवस्था गर्न समुदायमा आफै जानुहोस् ।

- समुदायलाई उनीहरूको समयको लागि धन्यवाद दिनको लागि कस्तो प्रकारको उपहार वा चन्दा प्रदान गर्दा राम्रो हुन्छ र खाना तथा आवास खर्चको लागि कसरी राम्रोसँग व्यवस्था गर्न सकिन्छ भन्नेबारे समुदाय अगुवाहरूलाई सो ध्नुहोस् । व्यक्तिलाई पैसा दिनुभन्दा सामुदायिक कोष वा स्थानीय महिला समूहलाई दिनु राम्रो मानिन्छ । व्यक्तिलाई दिँदा द्वन्द्व उत्पन्न हुन सक्छ ।

- जलस्रोत शासन मुद्दाहरूबाट प्रभावित हुने वा प्रभावित भएका समुदाय छान्नुहोस् । तर तपाईंको भ्रमणको समयमा द्वन्द्व धेरै उठेको छैन भन्ने कुरामा निश्चित हुनुहोस्, नत्र यस्तो अवस्थामा भ्रमणका सहभागी र आयोजकहरूको सुर क्षा जोखिममा पार्न सक्छ ।

- समुदाय भित्रका विभिन्न समूहहरूबारे जानकार रहनुहोस् - उदाहरणका लागि आयोजनाको पक्षमा रहनेहरू र विपक्षमा रहनेहरू - र तपाईंको भ्रमणले द्वन्द्वलाई थप नबढाउने कुरा निश्चित गर्नुहोस् ।

- यौन दुर्व्यवहारबाट, विशेषगरी रातभरको यात्राको समयमा सुरक्षित रहने निश्चित गर्नुहोस् । यदि सांस्कृतिक हिसाबले रक्सी सेवन नगरी नहुने भएमा यस्तो सेवन छुट्टै निश्चित ठाउँमा गरिने र महिला सहभागीहरूले नपिउन पाउने कुरा सुनिश्चित गर्न आफ्नो आयोजकहरूसँग मिलेर काम गर्नुहोस् । साँझको पिउने कार्यक्रममा महत्वपूर्ण छलफलहरू नगर्नुहोस्, किनभने यसमा प्रायः महिलाहरूको सहभागिता हुँदैन र असमानताको संरचनालाई बल पुग्छ ।

- पुरुष र महिला सहभागीहरूको सुत्ने कक्षहरू एकअर्काबाट टाढा रहेको, महिलाले प्रयोग गर्ने बाथरुमहरूका लागि पर्याप्त बत्ती एवम् उज्यालो भएको र रातको समयमा महिला सहभागीहरूले सुरक्षित रूपमा प्रयोग गर्न सक्छन् भन्ने कुरा सुनिश्चित गर्न विशेष ध्यान दिइनुपर्छ । यदि सम्भव छ भने महिला सहभागीहरूको ढोकामा चाबी लगाउन मिल्ने हुनुपर्छ । भ्रमणमा स्थानीय परिवारहरूसँग होमस्टे गर्नुपर्ने छ भने ती परिवारका बारेमा पहिल्यै जाँचबुझ गर्नुपर्छ र सो घरमा महिला सहभागीहरूसँग आयोजक टोलीको महिला सदस्यलाई पनि राख्नुपर्छ ।

भाग १०

# स्थलगत भ्रमण तयारी, सीमापार जल शासन

उद्देश्य:

- स्थलगत भ्रमणको क्रममा सिकेका पाठहरू आदानप्रदान गर्ने ।
- सीमापार जल शासनमा रहेका मुद्दाहरू र यसमा संलग्न सरोकारवालाको बारेमा परिचय दिने ।
- सिकेका पाठहरूलाई सहभागीहरूको आफ्नै समुदायहरूमा लागू गर्ने ।
- आयोजक समुदायसँग ऐक्यबद्धताको सम्बन्धमा सम्भावित भावी चरणहरूबारे छलफल गर्ने ।

सामग्री :

- बोर्ड
- पोस्टर पेपर
- रङ्गीन कागज
- प्रोजेक्टर
- कम्प्युटर
- फोटोहरू र सीमापार जल शासन गतिविधि देखाउने सामग्री एवम् नदीको प्रतीकको रूपमा देखाउन लामो नीलो कपडा वा कागजको पाना, र नदी किनारको जीवन चित्रण गर्ने ३०-४० वटा फोटोहरूको सङ्ग्रह । परम्परागत कपडा र माछा मार्ने गियरका चित्रहरू, नदी किनारमा पर्ने विभिन्न देशका झण्डाहरू, स्थानीय, राष्ट्रिय र क्षेत्रीय शासन निकायहरूको चिन्ह र प्रतीकहरू आदि जस्ता सामग्रीहरू पनि तयार गर्न सकिन्छ ।

९:००-१२:०० स्थलगत भ्रमण प्रस्तुतिहरू र छलफल

स्थलगत भ्रमणबाट फर्केपछि, सहभागीहरूलाई उनीहरूले सिकेका कुराहरूमा १५ मिनेटको प्रस्तुतिहरू बनाउन आफ्नो अनुसन्धान समूहहरूमा रहेर काम गर्न भन्नुहोस् । प्रस्तुतिहरू सामुदायिक बैठक, साना समूह बैठक, समुदायमा गरिएका पैदल भ्रमण र व्यक्तिगत अन्तर्वार्ताहरूबाट सङ्कलन

गरिएका अवलोकन र जानकारीहरूमा आधारित हुन सक्छन् । सहजकर्ताले सामान्य पावरप्वाइन्ट स्लाइडमा यात्राका फोटोहरू समावेश गर्न सहभागीहरूलाई मद्दत गर्न सक्छन् । सहभागीहरूले समुदायका सदस्यहरूबाट सुनेका कुनै विशेष शक्तिशाली र अन्तर्दृष्टि दिने खालका उद्धरणहरू भएर समावेश गर्न सक्ने कुरा बताउनुहोस् ।

प्रत्येक समूहले प्रस्तुति गरेपछि निम्न बुँदाहरूमा समूह छलफल अघि बढाउनुहोस् : (१) योजना तथा विकास प्रक्रियामा सहभागी हुन समुदायले कसरी निर्णयकर्ताहरूसँग मिलेर कार्य गर्ने प्रयास गरे, (२) आयोजनाको विभिन्न चरणमा स्वतन्त्र, पूर्व र सुसूचित सहमतिका सिद्धान्तहरूको पालना गरियो कि गरिएन, (३) समुदायले आफ्नो जलस्रोतको शासनमा सहभागी हुने प्रयासमा के-कस्ता चुनौतीहरू सामना गरे, र ती चुनौतीहरूलाई कसरी सम्बोधन गरे, (४) सहभागीहरूले आफ्नै समुदायमा आफूले सामना गरिरहेका समस्याहरूको बारेमा सिकेका पाठहरूलाई कसरी लागू गर्न सक्छन्, र (छ), नदी उपभोक्ताहरूको रूपमा जल शासनमा भाग लिन र साझा जलस्रोतहरूको संरक्षण गर्न एकअर्काको प्रयासलाई सहयोग गर्ने तरिकाहरू ।

नोट : समय पर्याप्त छ भने कार्यशालाका सहभागी र समुदायका प्रतिनिधिहरूको सामूहिक फोटो प्रिन्ट गरेर कार्डमा टाँस्नुहोस् र सबै सहभागीलाई कार्डमा हस्ताक्षर गर्न भन्नुहोस् । त्यसपछि समुदायलाई धन्यवाद दिनुहोस् । यसलाई कार्यशालापछि समुदायमा लगेर टाँस्न सकिन्छ ।

१२:००-१:३० दिउँसोको खाना

१:३०-३:३० सीमापार जल शासन अन्तरक्रियात्मक प्रदर्शन[2]

सहजकर्ताले ध्यानमा राख्नुपर्ने कुरा : यो गतिविधि सीमापार जल शासनका जटिलतालाई सम्बोधन गर्ने उत्कृष्ट माध्यम भए पनि यसका लागि अग्रीम तयारी आवश्यक छ । तपाईंलाई नदीको प्रतीक बनाउन लामो नीलो कपडा वा कागजको पाना र ३०-४० फोटोहरूको सङ्ग्रह चाहिन्छ । फोटोहरूले नदीको मुहानदेखि मुखसम्मको सम्पूर्ण जीवनलाई चित्रण गर्नुपर्छ । यसमा माछा मार्ने समुदायको फोटो, विभिन्न प्रकारका डुङ्गा एवम् प्रयोग गरिएका माछा मार्ने उपकरणहरूको फोटो, नदी किनारका क्षेत्रमा बसोबास गर्ने विभिन्न जनजाति समूह र तिनीहरूको परम्परागत पहिरन, कला वास्तुकला आदिको फोटो, प्रसिद्ध स्मारक एवम् ऐतिहासिक स्थलहरूको फोटो, झरना, छहरा र तालहरू जस्ता प्रमुख प्राकृतिक विशेषताहरू समेटेका फोटो, स्थानीय जलमार्ग, नदी किनारका बजार एवम् सहरहरूबाट प्राप्त हुने परम्परागत खानाहरूको फोटो र ठूला पूर्वाधार एवम् विकास आयोजना जस्तै बाँध, राजमार्ग, पुल, खानी, सिँचाइ नहरहरू आदिका फोटोहरू राख्नुहोस् । त्यसैगरी तपाईंले परम्परागत कपडा र माछा मार्ने गियरका चित्रहरू, नदी किनारमा पर्ने विभिन्न देशका झण्डाहरू, स्थानीय, राष्ट्रिय र क्षेत्रीय शासन निकायहरूको चिन्ह र प्रतीकहरू आदि जस्ता सामग्रीहरू पनि तयार गर्न सक्नुहुनेछ ।

- नीलो कपडाको माथिल्लो भाग भित्तामा एक मिटर वा सोभन्दा माथि राख्नुहोस्, त्यसपछि कक्षाकोठाको वृहत क्षेत्र ढाकिनेगरी भुइँमा ओछ्याउनुहोस् । कपडा नदीको प्रतीक हो, माथिल्लो भाग मुहान र तल्लो भाग मुख हो भनेर बताउनुहोस् ।
- सहभागीहरूलाई नदीको स्रोत कहाँ रहेको छ भन्ने थाहा छ कि भनेर सोध्नुहोस् । यो कुन देशमा छ, कुन जनजाति समूहका मानिसहरू छन् र तिनीहरूले कसरी जीवनयापन गर्छन् भन्ने कुरा पनि सोध्नुहोस् ?
- नदी कुन-कुन देश भएर बग्छ र कहाँ गएर समुद्रमा मिल्छ भनेर सोध्नुहोस् ।
- सहभागीहरूलाई जोडीहरूमा विभाजन हुन भन्नुहोस्, र प्रत्येक जोडीलाई ६-७ वटा फोटोहरू दिनुहोस् । प्रत्येक फोटोमा के छ र यो कहाँको फोटो होला भन्ने कुरामा छलफल गर्न लगाउनुहोस् । जोडीहरूलाई छलफल गर्न दश मिनेट दिनुहोस् ।
- प्रत्येक जोडीलाई उनीहरूको फोटो कहाँको हो भन्ने देखिन्छ, निलो कपडाको त्यही ठाउँमा फोटोहरू राख्न बोलाउनुहोस् ।

2 This activity was originally developed by Tom Weerachat of International Accountability Project

- सबैजनाले आफ्नो फोटोहरू कपडामा राखिसकेपछि, तपाईंले तयार गर्नुभएको कुनै पनि अतिरिक्त सामाग्रीहरू उनीहलाई दिनुहोस् र त्यसले कपडाको कुन ठाउँ देखाउँछ त्यहाँ थप्न भन्नुहोस् ।

- सबैजना फोटो र अन्य सामग्री राखिएको स्थानमा सहमत भए नभएको सोध्नुहोस् - के तिनीहरू मिल्दो गरी सही भौगोलिक ठाउँमा छन् ? बहस गर्न र फोटोहरूको स्थान परिवर्तन गर्न समय दिनुहोस् ।

- यी प्रश्नहरू सोधेर थप छलफल अघि बढाउनुहोस् : हाम्रो समुदाय कहाँ छ? कुन-कुन क्षेत्रमा कुन-कुन जल शासन निकायको क्षेत्राधिकार छ ? प्रत्येक क्षेत्रमा जलस्रोत र समग्र नदीको संरक्षण गर्न कस्ता कानूनहरू छन् ? के देशहरूबीच पानी बाँडफाँड सम्झौताहरू छन् ? खोलाको बहाव र नदी छेउछाउका (किनार वा क्षेत्र, वा छेउछाउ) समुदायलाई ठूलाठूला विकास आयोजनाले असर गरिरहेको छ ? ती आयोजना कहाँ अवस्थित छन्, कसको नियन्त्रणमा छन्, त्यसले कसलाई फाइदा पुऱ्याउँछ र कसलाई सबैभन्दा प्रतिकूल असर पर्छ ? के कुनै उद्योगले नदी प्रदूषित गरिरहेको छ ? नदी किनार क्षेत्रमा बसोबास गर्ने मानिसहरूको लागि के कस्तो अवसर छ ? के तिनीहरूलाई भेट्न, समस्याहरूमा छलफल गर्न र तिनीहरूको हितको पैरवी गर्न सकिन्छ ? जलस्रोत सुशासनका समस्याहरूलाई सम्बोधन गर्न समूहहरूले सहकार्य गरेको कुनै सफल उदाहरणहरू छन् ?

- सहभागीहरूसँग नदीमा योजना वा निर्माण चरणमा कुनै थप ठूला आयोजनाबारे कुनै जानकारी छ कि सोध्नुहोस् । सहभागीहरूले बताएका आयोजना र उनीहरूले नसुनेका हुनसक्ने कुनै थप आयोजना भए सोसमेतको रङ्गीन कागजमा चित्रहरू कोर्नुहोस् । आयोजना रहेको ठाउँअनुसार ती चित्र नदीको चित्रमा राख्न सहभागीहरूसँग मिलेर काम गर्नुहोस् ।

- छलफलको लागि आमन्त्रण गर्नुहोस् : यी थप आयोजनाहरूले नदीलाई कसरी परिवर्तन गर्ने छन् ? यी परिवर्तनहरूबाट कसलाई फाइदा हुन्छ र कसलाई असर गर्छ ? यी आयोजनाहरूबारे निर्णय लिने जिम्मेवारी कसको हो ? र स्थानीय मानिसहरूको यसमा सहभागी हुने अवसरहरू के छन् ?

भाग ११

# जल शासन भूमिका अभिनय, भावी योजना, मूल्याङ्कन

उद्देश्य:

- जल सुशासन भूमिका खेलबाट सिकेका पाठहरूको समग्र समीक्षा गर्ने ।
- सहभागीहरूलाई विभिन्न सरोकारवालाको स्थिति बताउन अवसर दिने ।
- सार्वजनिक वक्तव्य र सौदाबाजी सीपहरू अभ्यास गर्ने ।
- सहकार्यका भावी गतिविधिहरूका यो जनामा विचारविमर्श गर्ने ।
- कार्यशालाको मूल्याङ्कन गर्ने ।

सामग्रीहरू:

- बोर्ड
- पोस्टर पेपर
- मार्कर
- नामपत्ती
- जल सुशासन भूमिका अभिनयका लागि चाहिने प्रोप अर्थात साजसज्जा सामग्री ।

९:००-९:३०

ऊर्जा जगाउने गतिविधि, समीक्षा

सहभागीहरूलाई अहिलेसम्म पुरा भएका कार्यशाला पाठ्यक्रमको प्रत्येक दिनका भागहरू हेर्न लगा( उँदै त्यसमा समेटिएका तिविधि र सिकेका पाठहरूको समीक्षा गर्न भन्नुहोस् ।

१२:००

जल सुशासन भूमिका अभिनय

तलको सार्वजनिक सूचना कार्यशालास्थलको साझा ठाउँमा टाँस्नुहोस् । महत्वपूर्ण घोषणा टाँसिएको छ भनेर सहभागीहरूलाई खबर गर्नुहोस् । सो सूचना पढ्न सबैलाई कक्षबाट बाहिर लैजानुहोस् ।

सार्वजनिक सूचना

यस कार्यशालाका सहभागीहरूले यिन डु जलविद्युत् बाँध आयोजनाको निर्माणको कामलाई सुचारु हुन सहयोग गर्न जुन २६ सम्ममा प्रस्थान गरिसक्नुपर्नेछ ।

चाइना साउदर्न पावर ग्रीड कम्पनी लिमिटेड

सहभागीहरूलाई यो संकेतलाई वास्तविक ठान्दै प्रतिक्रिया देखाउन भन्नुहोस् । सबै सहभागीले अभिनय खेलमा फरक फरक भूमिका खेल्नेछन् भनी बताउनुहोस् । स्टिकर प्रयोग गरी त्यसमा सहभागीहरूको निम्न भूमिकाहरू तोक्नुहोस् :

- सरकार (३ जना)
- समुदाय (७ जना)
- कम्पनी (२ जना)
- स्थानीय गैरसरकारी संस्था (२ जना)
- जनहितमा काम गर्ने वकिल (२ जना)
- अन्य सम्भावित भूमिकाहरू : प्रहरी, सुरक्षा गार्ड, मिडिया, आयोजना परामर्शदाता, बैठकका अध्यक्ष आदि ।

आयोजनाको सम्बन्धमा १०:३० बजे एउटा सार्वजनिक सुनुवाइ हुनेछ र सहभागीसँग भेलाको लागि तयारी गर्न एक घण्टा मात्र बाँकी छ भनेर बताउनुहोस् । उनीहरूलाई आफ्नो लक्ष्यहरू, बैठकको नतिजालाई कसरी प्रभाव पार्न चाहन्छन् र त्यसो गर्न उनीहरूले कुन रणनीतिहरू प्रयोग गर्नुपर्छ भन्ने बारे सोच्न भन्नुहोस् । तिनीहरूले चाहेको कुनै पनि सामाग्री, चिन्ह, पोस्टर, ब्यानर, आयो जनाको दस्तावेज, वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन, नक्सा, पुनर्वास योजना आदि कुनै पनि सामग्रीको आवरण तयार गर्न लगाउनुहोस् । सुनुवाइको लागि १५ मिनेट हुनेछ भनी बताउनुहोस्, तर प्रत्येक समूहलाई कति समयसम्म बोल्न दिइनेछ भन्ने कुरा नबताउनुहोस् ।

१०:३०-१०:४५ सार्वजनिक सुनुवाइ

सरकार र कम्पनीका प्रतिनिधिहरू कोठाको अगाडि र समुदाय र नागरिक समाजका प्रतिनिधिहरू दर्शकदीर्घामा बस्नेगरी कोठाको बसाइ मिलाउनुहोस् । शक्तिको असन्तुलन देखाउन सरकार र कम्पनीका प्रतिनिधिको टेबुल कपडाले सजाउने, खानेपानी राख्ने, खानेकुरा र ताजा फलफूलको थाली राख्ने, पंखाको हावाको व्यवस्था गर्ने आदि गर्न सक्नुहुन्छ । बैठक चलाउने अध्यक्ष चयन गर्नुहोस् । सरकार र कम्पनीलाई बोल्नका लागि १३ मिनेट प्रदान गर्नुहोस् । अचानक बैठकको समापन गर्नुअघि समुदाय र नागरिक समाजका प्रतिनिधिले बोल्नका लागि २ मिनेट समय दिनुहोस् ।

१०:४५-११:१५ समुदाय र नागरिक समाजका प्रतिनिधिहरू क्रोधित हुनेछन् (यस क्षणमा हस्तक्षेप गर्नको लागि तपाईंलाई सुरक्षा गार्ड चाहिन्छ) र आफ्नो हितको वकालत गर्न पहिले भन्दा बढी उत्सुक हुनेछन् । अब ११:१५ मा दोस्रो सार्वजनिक सुनुवाइको लागि योजना बनाउन सहभागीहरूसँग अर्को ३० मिनेटको मिनेट हुनेछ भनी बताउनुहोस् । समुदाय र नागरिक समाजका प्रतिनिधिहरूलाई बोल्नकको लागि समान समय चाहिने भन्दै दबाब दिन र आफ्ना मागहरूलाई बलियो बनाउन प्रोत्साहित गर्नुहोस् ।

११:१५-११:३० दोस्रो सार्वजनिक सुनुवाइको आयोजना गर्नुहोस् र यो पटक सबै सरोकारवालालाई आफ्नो कुरा राख्न पर्याप्त समय दिनुहोस् ।

११:३०-१२:०० डिब्रिफ गर्ने

यो भूमिका खेपछि सहभागीहरू कहिलेकाहीं रिसाउन सक्ने हुनाले सबैलाई उनीहरूको नाम ट् यागहरू निकालेर समूहकोबीचमा फाल्न भन्नुहोस् । सबैलाई आफ्नो आँखा बन्द गर्न र गहिरो सास

फेर्न व्यायाम गर्दै आफ्नो स्वाभाविक अवस्थामा फर्कन भन्नुहोस् । निम्न प्रश्नहरू सोधेर डिब्रिफ गर्नुहोस् :

- कम्पनीको स्वार्थ के थिए ?
- सरकार र समुदायका सदस्यहरूको स्वार्थ के थिए ?
- प्रत्येक समूहले कसरी आफ्नो स्वार्थको पैरवी गरे ?
- तिनीहरूले कुन पैरवी रणनीतिहरू प्रयोग गरे ?
- कुन रणनीतिहरू सफल भए ? कुन असफल भए ?
- मेलमिलापको दिशामा कुनै प्रगति भयो ?
- तपाईंले खेलेको भूमिकाबाट के सिक्नुभयो ?
- वास्तविक जीवनमा तपाईंले फरक कुरा के गर्नुहुन्छ ?
- यस बिषयमा अगाडि बढ्ने तपाईंको आगामी योजनाहरू के हुनेछन् ?

१२:००-१२:३० दिउँसोको खाना

१:३०-२:३० भावी योजनाहरू

यस कार्यशालाबाट सिकेका कुरालाई हामीले जलस्रोत सुशासनमा अझ बढी समता, पारदर्शिता, जवाफदेहिता र जनसहभागिताको पैरवी गर्न कसरी प्रयोग गर्न सक्छौं ? सहभागीहरूलाई उनीहरूले सम्बोधन गर्न चाहने समस्याहरू र उनीहरूले हेर्न चाहने परिवर्तनहरू पहिचान गर्न भन्नुहोस् । उनीहरूले बताएका कुराहरू बोर्डमा लेख्नुहोस् ।

- तपाईं यसलाई छोटो तर शक्तिशाली सन्देश मार्फत कसरी सञ्चार गर्न सक्नुहुन्छ ?
- तपाईंको सन्देशको लक्षित वर्ग को हो ?
- तपाईंको लक्षित वर्गलार्य यो सन्देश सञ्चार गर्ने सबभन्दा राम्रो के हो ? उदाहरणका लागि, सार्वजनिक कार्यक्रम, सामुदायिक भेला, खेल, सामाजिक सञ्जाल अभियान, वा कथावाचनका माध्यमबाट ।

असल जल सुशासनका लागि पैरवीमा प्रयोग गरिने धेरै रणनीति र साधन हुन्छन् भनेर बता( उनुहोस् । तपाईंले छनौट गर्ने रणनीतिहरू लक्ष्य, सरोकारवाला, लक्षित वर्ग, वा तपाईंले व्यक्त गर्न चाहनुभएको सन्देशको आधारमा फरक हुनेछ । समुदायहरूले आफ्नो लक्ष्यहरू प्राप्त गर्न विभिन्न प्रकारका रणनीतिहरू प्रयोग गर्ने गर्दछन् ।

विभिन्न पैरवी रणनीति र साधनबारे विचारविमर्श गर्नुहोस् । सहभागीबाट आएका उपायहरूलाई बोर्डमा लेख्नुहोस् र कुनै नपुग भए थप्नुहोस् । उपायहरूमा यी कुरा हुन सक्छन् :

- पत्र लेख्ने र बिन्तीपत्र पेश गर्ने ।
- निर्वाचित पदाधिकारी, संसदका सदस्य, कम्पनीका प्रतिनिधिहरूसँग प्रत्यक्ष लबिङ गर्न बैठकहरू गर्ने ।
- तपाईंको हितलाई असर गर्ने निर्णय गर्ने वा त्यसमा योगदान गर्ने समितिहरूमा भाग लिने ।
- वृहत समर्थन प्राप्त गर्न अन्य समूहहरूसँग सञ्जाल विकास गर्ने ।
- औपचारिक प्रक्रियाहरूको लागि प्रस्ताव लेख्ने (जस्तै कानून सुधार, परामर्श) ।
- सरसफाइ दिवस, वृक्षारोपण वा अन्य व्यावहारिक स्थलगत गतिविधि वा कार्यहरू जस्ता सार्वजनिक कार्यक्रमहरू आयोजना गर्ने ।
- जल सुशासन मुद्दाहरू छलफल गर्न वक्ताहरूलाई आमन्त्रित गरी सार्वजनिक सुनुवाइ, सम्वाद वा छलफलहरूको आयोजना गर्ने
- सामाजिक सञ्जाल अभियानहरूको आयोजना गर्ने ।
- सार्वजनिक विरोध वा प्रदर्शन गगर्ने ।

- सर्वेक्षण र प्रतिवेदनहरू प्रकाशन गर्ने ।
- सञ्चारमाध्यमलाई जानकारी दिने र समुदायको दृष्टिकोणबाट समाचार समेट्ने, पत्रकार सम्मेलन गर्ने ।
- धार्मिक वा आध्यात्मिक कार्यक्रम - प्रार्थना, नदी तथा रूखहरूको आशीर्वाद ।
- कला/फोटो प्रदर्शनी, चलचित्र प्रदर्शन वा कन्सर्ट आयोजना गर्ने ।
- गुनासो संयन्त्रमा मुद्दा दायर गर्ने वा उजुरी गर्ने ।

समूहका लक्ष्यहरूका लागि कुन सोच वा उपायहरू सबैभन्दा उपयुक्त छन्, कुन-कुन स्रोतहरू पहिले नै उपलब्ध छन्, र योजनाहरूको कार्यान्वयन गर्न के कस्ता थप स्रोतहरू आवश्यक छन् भनेर छलफल गर्नुहोस् । समूहभित्र विभिन्न सरोकार र विचारहरू हुन सक्छन्, तर पनि हाम्रा साझा मूल्यहरूप्रतिको बलियो प्रतिबद्धताले हामीलाई हाम्रा साझा लक्ष्यहरू प्राप्त गर्न मिलेर कार्य गर्न सक्षम बनाउँछ भन्दै छलफलको समापन गर्नुहोस् ।

२:३०-२:४५ विश्राम

२:४५-३:३० मूल्याङ्कन

सबैलाई ठूलो गोलो घेरा बनाएर बसी यसभन्दा अघिका कार्यशाला सत्रहरूमा केही समय चिन्तन गर्न भन्नुहोस् । प्रत्येक सहभागीलाई कार्यशालाको बारेमा मन परेको एउटा कुरा, एउटा महत्वपूर्ण सिकाइ अर्को कार्यशालाको लागि सुधार गर्न सिफारिस गर्ने एउटा कुरा भन्नु अनुरोध गर्नुहोस् ।

३:३०-४:३० समापन समारोह

सहभागीहरूलाई गोलो घेरा बनाएर उभिन भन्नुहोस् । त्यसपछि, हाम्रो भविष्यको कामले अन्यायको जडलाई सम्बोधन गरी जलस्रोतमा समतामूलक पहुँच एवम् स्वस्थ नदी पारिस्थितिकीय प्रणालीलाई प्रवर्द्धन गर्छ भन्ने हामीले कसरी सुनिश्चित गर्न सक्छौं भन्नेबारे चिन्तन गर्न भन्नुहोस् । सहभागीहरूले आफ्नो परिवार, साथी, संस्था वा समुदायसँग मिलेर तत्काल के कस्ता कदमहरू चाल्न सक्छन् भन्ने कुरामा उनीहरूलाई ध्यान केन्द्रित गर्न भन्नुहोस् । गोलो घेरामा सबैलाई एक एक गरी प्रतिबद्धताहरू व्यक्त गर्न लगाउनुहोस् ।

सहभागीहरूलाई उनीहरूको सहभागिता र कार्यशालाभरि देखाएका राम्रो अभिप्रायको ागि धन्यवाद दिँदै अनुगमन (फलोअप) कार्यको लागि सम्पर्क विवरण दिनुहोस् ।

# थप स्रोत सामग्री

## स्वतन्त्र, पूर्व र सुसूचित सहमति

Rights in Action: Free, Prior and Informed Consent (FPIC) for Indigenous Peoples by Asia Indigenous Peoples Pact bit .ly/AIPPFPICvideo

Training Manual for Indigenous Peoples on Free, Prior and Informed Consent (FPIC) by Asia Indigenous Peoples Pact bit .ly/AIPPFPICmanual

Guide to Free, Prior and Informed Consent by Oxfam: bit .ly/OxfamFPICguide

A Trainers Manual: Putting Free, Prior and Informed Consent into Practice in REDD+ Initiatives, RECOFTC – The Centre for People and Forests, The Institute for Global Environmental Strategies (IGES) and the Norwegian Agency for Development Cooperation (Norad), http://www .recoftc .org/site/resources/ Putting-Free-Prior-and-Informed-Consent-into-Practice-in-REDD-Initiatives .php

Video produced by AIPP (Aisa Indigenous Peoples Pact) on climate change, FPIC, and the impacts of REDD on indigenous people: https://www .forestpeoples .org/en/topics/redd-and-related-initiatives/ news/2013/04/video-produced-aipp-indigenous-peoples-and-redd

## बाँध विकासका आयोजना

Dams, Rivers and Rights: An Action Guide for Communities Affected by Dams, available in 19 languages, including Spanish, Thai, Urdu, French, Khmer, Chinese, Arabic, and Hindi: https://www .internationalrivers .org/resources/capacity-building-tools/dams-rivers-and-rights-an-action-guide-for-communities-affected-by-dams-2007/

Resettlement Guide for People Affected by Dam Development: https://www .youtube .com/ watch?v=cgLf4eMV138:

Dams and Climate Change, Wrong Climate for Damming Rivers:

https://www .youtube .com/watch?v=A8JtoednlbY

Video: Decommissioning of Condit Dam: https://www .youtube .com/watch?v=4LxMHmw3Z-U

Video: Restoration of Elwha River: https://www .youtube .com/watch?v=VipVo8zPH0U

## विकासमा जनसहभागिता

Community Action Guide on the Asian Development Bank available in four languages: Burmese, English, Sinhala and Tamil: https://accountabilityproject .org/work/community-organizing/community-action-guides/

Community Action Guide: What is Development: https://accountabilityproject .org/wp-content/ uploads/2020/11/Community_Action_Guide_What-is-Development .pdf

Community Action Guide on Community-Led Research available in available in English, Burmese, Khmer, Portuguese,Spanish, Russian, Uzbek, Thai and Vietnamese: https://accountabilityproject .org/work/ community-organizing/community-action-guides/

Feminist Futures: A Feminist Cartogographer’s Toolkit: https://www .awid .org/resources/co-creating-fearless-futures-feminist-cartographers-toolkit

### तालिमका विधि

Training for Change http://www .trainingforchange .org/

The Change Agency http://www .thechangeagency .org/

International Theatre of the Oppressed Organization: http://www .theatreoftheoppressed .org/en/index .php?nodeID=1

Participatory methods, approaches and tools, Food and Agriculture Organization of the United Nations: http://www .fao .org/Participation/toxols/PRA .html

100 Ways to Energise Groups: Games to use in workshops, meetings and the community, International HIV/AIDS Alliance

http://www .icaso .org/vaccines_toolkit/subpages/files/English/energiser_guide_eng .pdf

Facilitation Tips, Games and Energizers http://workshops .350 .org/facilitation/

### शान्ति निर्माण र द्वन्द्व रूपान्तरण

Youth Peacebuilding Training, Centre for the Study of Violence and Reconciliation and International Rescue Committee: https://www .csvr .org .za/docs/peacebuilding/tsudan .pdf

Sweden
Sverige

TROSA
TRANS-BOUNDARY
RIVERS OF SOUTH ASIA

OXFAM

INTERNATIONAL
RIVERS
PEOPLE · WATER · LIFE